सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ पुस २०८०, आइतबार (14 Jan 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ हुस्सु-कुहिरोले तराई-मधेशको जनजीवन कष्टकर

चिसोले बिरामी पर्न थाले वृद्धवृद्धा



शीतलहरसँगै कठ्याँग्रिँदो चिसोमा परालको टहरोमा रात बिताइरहेकी सिराहाको लहान नगरपालिका- १४ बस्तीपुरको मुसहर बस्तीकी ६१ वर्षीया सम्तोलिया सदाय भन्छिन्-

बस्तीमा आएका वडाध्यक्षसँग दाउरा र कम्बल मागेका थियौँ, न दाउरा आयो, न कम्बल

गर्मीमा आँगन, पिँढी जता सुत्दा पनि हुन्थ्यो । मुटु कमाउने चिसो छ । ज्यान जोगाउन परालको खोपडीमै सुत्छौँ । खोपडीमा सुत्न थालेदेखि बुढा (श्रीमान्) बिरामी परे, म पनि थलिने अवस्थामा पुगेकी छु । छोरोले दुई छाक खुवाउन मिहिनेत गरिरहेको छ । छोराको मजदुरीले हातमुख जोड्नै हम्मे-हम्मे छ । कहाँबाट जोहो गरिदेओस् हामीलाई न्यानो लुगा ? गाउँमा वडाध्यक्ष बस्ती घुम्न आएका थिए, ज्यान जोगाउनैका लागि कम्तीमा दाउरा र कम्बल माग्यौँ, नगरपालिकासँग कुरा गरेको छु भनेर फर्किए, तर गाउँमा न दाउरा आयो, न कम्बल नै ।

लहानमा **मणिलाल विश्वकर्मा**, बाँकेमा **विश्वराज पछ्लडड्राया** र धनगढीमा **तेजराज भट्ट**

बाक्लो हुस्सु-कुहिरोले तराई-मधेशको जनजीवन कष्टकर बनेको छ । एक सातादेखि चिसो बढेपछि विपन्न, वृद्धवृद्धा, गर्भवती, सुत्केरी प्रभावित छन् । सिराहाको लहान नगरपालिका- १४ बस्तीपुरको मुसहर बस्तीका करिब ६५ वर्षीय भसन सदाय घरको आँगनछेउमा बनाएको परालको खोपडीमा सुत्नुपर्दा चिसोले थलिएका छन् ।

सानो झुपडीमा छोरा, बुहारी, स-साना नातिनी सुत्न पनि सकस हुँदा आँगनको छेउमा मागेर ल्याएको परालको खोपडीमा सुत्न थालेपछि चिसोले दमको समस्या बल्झिएको उनको गुनासो छ । 'छोरोले मजदुरी गर्छ । बालबच्चा पाल्नै ठिक्क छ,' भसनकी श्रीमती सम्तोलियाले भनिन्, 'छोराले दुई छाक जसोतसो खुवाइरहे पनि बुढाबुढी परालमा रात काटिरहेका छौँ ।'

चिसोले बस्तीपुरकी ७५ वर्षीया बिन्दा पासवानको दम बढेको छ । 'पिदुयुँ दुखेर हिँडडुल गर्न पनि लौरोको सहारा चाहिन्छ, मजदुरी गरेर जीविका चलाउने छोराहरूको अवस्था पनि राम्रो नभएकाले गाउँघरमा मागेर गुजारा गरिरहेकी छु,' उनले भनिन् ।

बस्तीपुर गाउँकी करिब २३ वर्षीया मनीषा सदाय आठ महिनाकी गर्भवती छिन् । पहिलो सन्तान तीन वर्षका छोरा रहेकी उनको श्रीमान् जीवछ सदायले ट्र्याक्टर मजदुरी गरेर पाँचजनाको परिवारको जीविका चलाइरहेका छन् । 'आठ महिनाकी गर्भवती छु, तर न जाडोमा न्यानो कपडा छ, न कुनै पोषिलो खानेकुरा,' उनले भनिन्, 'रातभरको कठ्याँग्रिने चिसोले ज्यान नै जालाजस्तो हुन्छ ।' पछिलो हप्ता दिनदेखि घाम नलाग्ने हुनाले परालको घुर तापेर बस्ने गरेको उनले बताइन् ।

मीनकुमार अर्याल
वरिष्ठ मौसमविद्

लेयर बनेर बस्दा जलवाष्पयुक्त हावा तल्लो वायुमण्डलमा घुमिरहेको छ । सूर्यको किरण पनि छिर्न नसकेपछि तराई-मधेसमा हुस्सु बढेको हो । आइतबारबाट पश्चिमी वायुको प्रभाव देखिन्छ । बादलसँगै हावाको गतिले लेयरलाई भत्काउँदा हुस्सु केही घट्न सक्छ । भिजिबिलिटी अपराह्नपछि सुधार हुन्छ ।

१५ दिनअघि छोरी जन्माएकी सुत्केरी हुनु, स्थानीय २७ वर्षीया ममतादेवी सदाय । गाउँनजिकैको ईंटाभट्टामा मजदुरी गर्दै आएका श्रीमान् सञ्जय सदायको कमाइले सासू-ससुरासहित ६ जनाको परिवारको हातमुख जोड्नसमेत गाह्रो पर्ने भएकाले चिसोमा सुत्केरी अवस्थामा खानुपर्ने पोषिलो खानेकुरा त परको कुरा, न्यानो ओढ्नेसमेत नहुँदा चिसोमा अप्ट्यारो झेलिरहेको उनले गुनासो गरिन् ।

त्यही गाउँका ६५ वर्षीय चुल्हाई सदाय तीन वर्षदेखि पक्षाघातले थलिएका छन् । करिब १० वर्षअघि श्रीमती गुमाएका उनका दुई भाइ छोराले मजदुरी गरेर आ-आफ्नो परिवारको लालनपालन गर्दै आएका छन् । दुईवटा झुपडीमा दुई भाइ छोराका परिवार बस्ने

» पृष्ठ २ मा क्रमशः

■ सवारी दुर्घटनाको त्रासदी

दुई दिनमा ६ दुर्घटना, २२ को मृत्यु

कमजोर सडक पूर्वाधार, चालकको लापरबाही, तीव्र गति, क्षमताभन्दा धेरै यात्रु र फितलो सडक अनुगमन दुर्घटनाका कारण

सडक दुर्घटनामा मृत्यु हुनेको संख्या अत्यधिक, हरेक दुर्घटनामा मृतक र घाइतेको संख्या गनेर बस्ने राज्यसँग द्रुत उद्धार संयन्त्र अभाव

- दाङमा शनिबार बस दुर्घटना : १२ **को मृत्यु**, २४ **घाइते**
- चन्द्रागिरि दुर्घटना : ५ **को मृत्यु**
- बागलुङ जिप दुर्घटना : २ **को मृत्यु**
- काठमाडौंमा मोटरसाइकल दुर्घटना : १ **को मृत्यु**
- झापामा मोटरसाइकलको ठक्कर : **साइकल यात्रीको मृत्यु**
- दोलखामा ट्र्याक्टर दुर्घटना : **चालकको मृत्यु**

दाङमा **दीपक बोहरा**, काठमाडौंमा **शिवहरि घिमिरे**

सडक दुर्घटनाको त्रासदी हाम्रो दैनिकी र नियति बनेको छ । शुक्रबार र शनिबार मात्रै देशका विभिन्न स्थानमा भएका दुर्घटनामा २२ जनाले ज्यान गुमाएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार ६ वटा दुर्घटनामा २२ जनाको मृत्यु भएको छ ।

दाङको राप्ती गाउँपालिका- १ पुल्चोकस्थित राप्ती नदीको पक्की पुलमा नेपालगन्जबाट काठमाडौंतर्फ जाँदै गरेको भे.१ ख ३९१२ नम्बरको बस शुक्रबार राति दुर्घटना हुँदा बसमा सवार १२ जनाको मृत्यु भएको छ । २४ जना घाइते भएका छन् ।

दुर्घटनामा दैनिक सातको मृत्यु

पूर्व-पश्चिम राजमार्गअन्तर्गत दाङको राप्ती गाउँपालिका- १ पुल्चोकमा ट्राफिक प्रहरीको 'चेक प्वाइन्ट' छ । चेक प्वाइन्टमा हुने इन्ट्रीलाई छलेर तीव्र गतिमा पुल पार गर्न खोज्दा शुक्रबार राति साढे १० बजे यात्रुबाहक बस दुर्घटनामा पऱ्यो ।

नेपालगन्जबाट काठमाडौंका लागि छुटेको भे.१ख ३९१२ नम्बरको रात्रिबस राप्ती पुलबाट राप्ती नदीमा खसेको थियो । दुर्घटनामा २४ जना घाइते भएकामा तीनजना डिस्चार्ज भइसकेका छन् । आठजनाको बुटवल र १३ जनाको कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको छ ।

सातजनाको घटनास्थलमै र पाँचजनाको उद्धारपछि उपचारका क्रममा ज्यान गएको इलाका प्रहरी कार्यालय भालुवाङका प्रहरी निरीक्षक

» पृष्ठ २ मा क्रमशः

■ चन्द्रागिरि दुर्घटना

श्रीमान्, छोराछोरी र आमाबुबा गुमाइन्, संयोगले बाँचिन् डा. सृष्टि





दुर्घटनामा ज्यान गुमाएका डा. महेशकुमार गौतमको परिवार, दुर्घटनामा श्रीमती सृष्टि (सेतो घेराभित्र) संयोगले बचिन्

काठमाडौं / डा. महेशकुमार गौतम शनिबार छोराछोरी, श्रीमती र सासू-ससुरा लिएर मकवानपुरको चित्लाङतर्फ जाँदै थिए । छोराछोरीको स्कुल बिदा र आफूहरूको पनि शनिबार बिदा हुने भएकाले उनी बिदा मनाउन चित्लाङ जान लाजिम्पाटबाट निस्किएका थिए । ३-०१-२३ च ६९८५ नम्बरको निजी कार आफैंले हाँकिरहेका उनी गन्तव्यमा पुग्न सकेनन् ।

डा. महेशकुमार गौतमले विदेश जाने अवसर त्यागेर बालबालिकाको उपचार गर्न आफैंले अस्पताल खोलेका थिए

थानकोट हुँदै हिमचुली सेतो पहरा भन्ने ठाउँमा पुग्दा करिब २ बजे उकालोमा कारले तानेन । बाटो अप्ट्यारो र उकालो पनि भएकाले डा. गौतमकी श्रीमती डा. सृष्टि तिवारी गौतम झरेकी थिइन् । पिकअप लिनका लागि केही पछाडि आउँदै थियो, गाडीको ब्रेक नै लागेन । उनले कारले सडक डिल छाड्न थालेपछि ढुंगाको ओत लगाउन खोजिन्, तर असफल भइन् । हेर्दाहेर्दै कार भिरबाट तल खस्यो । अब चिच्याउनुबाहेक उनीसँग केही उपाय थिएन । कार ढुंगा र चट्टानमा बजारिँदै आँखाले नै ठम्याउन नसक्ने ठाउँसम्म खस्यो । आँखैअगाडि जीवनका सबैभन्दा प्रिय व्यक्ति गुमाइन् ।

» पृष्ठ २ मा क्रमशः

प्रहरीमा बढुवा समितिको नम्बर घटाउने तयारी

समितिले स्वविवेकी ढंगले दिने नम्बरकै कारण बढुवामा चलखेल बढेको गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयको निष्कर्ष

नवराज मैनाली / नयाँ पत्रिका

बढुवा प्रणालीमा सुधार गर्न नेपाल प्रहरीमा बढुवा समितिले दिने नम्बर घटाउने प्रस्ताव अघि बढेको छ । नयाँ प्रहरी ऐनको मस्यौदामा गृह मन्त्रालयमा बढुवा समितिको नम्बर घटाउन विषयमा सहमति भएको हो ।

बढुवा समितिको नम्बरकै कारण बढुवामा अनावश्यक चलखेल बढेको निष्कर्षका आधारमा नम्बर घटाउन गृह तथा प्रहरी नेतृत्व सहमत भएको हो । हाल बढुवा समितिले बढुवामा एक सयमध्ये ७.५ नम्बर दिने गर्दछ । कुनै मापदण्डविनै स्वविवेकी आधारमा दिइने यस्तो नम्बरकै कारण बढुवामा सर्धै पहुँचवाला प्राथमिकतामा पर्ने गरेका छन् । नयाँ प्रहरी ऐनको मस्यौदामा बढुवा समितिको नम्बर घटाएर कार्यसम्पादन र तालिमको नम्बर बढाउन लागिएको छ ।

बढुवालाई व्यवस्थित बनाउन केही प्रावधान हेरफेर गर्न लागिएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार नयाँ प्रहरी ऐनको प्रारम्भिक मस्यौदा तयार भइसकेको छ । जसमा बढुवालाई थप व्यक्तिगत गर्न बढुवा समितिले दिने नम्बर हेरफेर

» पृष्ठ २ मा क्रमशः

प्रहरी ऐनको मस्यौदामा समावेश नयाँ प्रावधान



- बढुवाको अंक हेरफेर
- डिआइजी बढुवामा स्टाफ कलेज अनिवार्य
- असइको सट्टा सइमा भर्ना
- इन्स्पेक्टर भर्नाको उमेरहद २७
- उच्च पदको पदावधि हेरफेर



- **नारायणप्रसाद भट्टराई**
प्रवक्ता, गृह मन्त्रालय

प्रहरी ऐनको प्रारम्भिक मस्यौदा तयार भएको छ । यसमा समायोजन भएर प्रदेशमा जाने प्रहरीको वृत्ति विकास तथा बढुवालगायत केही हेरफेरका विषय छन् । प्रहरीलगायत विज्ञसँग छलफल भइसकेको छ, अब परामर्शका लागि कानुन र अर्थ मन्त्रालय पठाउने तयारी छ ।

बर्सेनि ११ सय औषधि परीक्षण गर्ने विभागको लक्ष्य, तर गरिन्छ हजारभन्दा थोरै



नेपालमा हाल १८ हजार ६१९ औषधि दर्ता छन् । जुन नेपालमा उत्पादन गरिरहेका १४३ वटा औषधि उत्पादन कम्पनी र नेपालमा दर्ता भएर बाहिरबाट औषधि ल्याउने १८५ वटा आयात कम्पनीका हुन् ।

(विस्तृत पृष्ठ ३)

अन्तर्राष्ट्रिय हवाई यात्रुमा कीर्तिमान, आन्तरिक घटे

सन् २०२३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै हवाई यात्रा गर्ने ८६ लाख ९१ हजारमध्ये साढे ४५ लाख अन्तर्राष्ट्रिय यात्रु

(विस्तृत पृष्ठ ६)

प्यारोल कार्यान्वयन : पहिलो चरणमा १४३ कैदी छुट्दै

दुईतिहाइ कैद सजाय भुक्तान गरिसकेका र असल चालचलन भएका कैदीले जेलका अधिकारीको सम्पर्कमा रही बाहिरै बस्ने सुविधा प्यारोल हो, नकारात्मक सूचीमा रहेका कैदीले भने यो सुविधा पाउनेछैनन्



- **कमलप्रसाद पाण्डे**
निर्देशक, कारागार व्यवस्थापन विभाग

पहिलो चरणमा सबै कागजपत्र मिलेका एक सय ४३ कैदीलाई प्यारोल सुविधा दिने निर्णय प्यारोल बोर्डबाट भएको छ । अब मापदण्ड पुगेका अन्यले पनि क्रमशः यो सुविधा पाउँछन् । करिब हजार कैदीले प्यारोल सुविधा पाउने सम्भावना छ ।

नयाँ पत्रिका

असल चालचलन भएका कैदीलाई निगरानीमा जेलबाहिरै राख्ने सुधारात्मक दण्ड प्रणाली मानिएको प्यारोलको कार्यान्वयन नेपालमा पनि सुरु भएको छ । बुधबार बसेको प्यारोल बोर्डले एक सय ४३ जना कैदीलाई छाड्न सिफारिस गरेको छ ।

महान्यायाधिवक्ता डा. दीनमणि पोखरेलको अध्यक्षतामा बसेको बैठकले मापदण्ड पुगेका कैदीलाई प्यारोलको सुविधा दिन सिफारिस दिएको हो । यसको अन्तिम निर्णय भने सम्बन्धित जिल्ला अदालतबाटै हुनेछ । दुईतिहाइ कैद सजाय भुक्तान गरिसकेका र असल चालचलन भएका कैदीले जेलका अधिकारीको सम्पर्कमा रही बाहिरै बस्ने सुविधा प्यारोल हो । तर, नकारात्मक सूचीमा रहेका कैदीले भने यो सुविधा पाउनेछैनन् ।

करिब हजार कैदीले प्यारोल सुविधा पाउने सम्भावना रहेको कारागार व्यवस्थापन विभागका निर्देशक कमलप्रसाद पाण्डेले बताए । 'पहिलो चरणमा

» पृष्ठ २ मा क्रमशः



झापा कारागारको फाइल तस्बिर

नौ मुद्दाका कैदीले पाउनेछैनन् सुविधा : नौ किसिमको अपराधका कैदीले प्यारोलमा बस्न पाउनेछैनन् । जन्मकैद, भ्रष्टाचार, जबर्जस्ती करणी, तेजाब हमला, मानव बेचबिखन, संगठित अपराध, सम्पत्ति शुद्धीकरण, यातना तथा क्रूर अपराध, मानवताविरुद्धको अपराध तथा राज्यविरुद्धको अपराध प्यारोलको नकारात्मक सूचीमा छन् ।

दलितलाई बहिष्कार प्रकरण

गैरदलित समुदायले दलितसँग माफी मागे

पथरी (मोरङ) मा **चिरञ्जीवी घिमिरे**

जातीय विभेदको जाहेरी दर्ता प्रक्रिया अघि बढाउने तयारी गरेपछि मोरङ पथरीशनिश्चरे नगरपालिका- १० जिरीखिम्तीका गैरदलित समुदायले दलितसँग माफी मागेका छन् । जातीय विभेदविरुद्ध न्याय खोज्दा समाजले नै बहिष्कार गरेको समाचार २९ मंसिरमा नयाँ पत्रिका दैनिकमा प्रकाशित भएपछि पथरीशनिश्चरेका दलित आन्दोलित भएका थिए ।

गत जेठमा पथरीशनिश्चरे नगरपालिका- १० जिरीखिम्तीकी रिता विश्वकर्मालाई पुराणमा पूजा गर्न खोज्दा स्थानीय शान्ति सुवेदीले जातीय विभेद गरेकी थिइन् । उक्त विभेदविरुद्ध रिता प्रहरी

» पृष्ठ २ मा क्रमशः



नयाँ पत्रिका फलोअप

- गत जेठमा गाउँमा भएको पुराण पूजामा जातीय विभेद गरिएको भन्दै दलित महिलाले मुद्दा हालेपछि मोरङको जिरीखिम्तीका २५ दलित परिवारलाई सामूहिक कार्यमा निषेध गरिएको थियो



- **जीवन खतिवडा**
वडाध्यक्ष, पथरीशनिश्चरे-१०

आइन्दा कार्य गर्दा पक्षपात नगर्ने, दुवै पक्षले एक-अर्कालाई दोषारोपण नगर्ने सहमति भएको छ । सामाजिक रूपमा छरछिमेकमा मिलेर बस्ने सहमति भएको छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

दुई दिनमा...

पृष्ठ १ बाट क्रमशः

उज्ज्वल सिंहले जानकारी दिए। गाडी आधा पानीमा र आधा बाहिर थियो। त्यसैले पछिल्ला सातजनाको शव निकाल्न करिब डेढ घन्टा ढिला भएको थियो। जेसिबी ल्याएर गाडी निकालेपछि मात्रै शव निकालिएको थियो।

'इन्ट्री नगरेर तीव्र गतिमा गाडी जाँदा अनियन्त्रित भएर दुर्घटना भएको निष्कर्ष निकालेका छौं,' जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक जनकबहादुर मल्लले भने, 'चालकले सपट बिग्रिएर दुर्घटना भएको बयान दिए पनि हामीलाई त्यस्तो लाग्दैन। नजिकै प्रहरीको इन्ट्री प्वाइन्टमै नरोकेर तीव्र गति लिएकाले दुर्घटना भएको निष्कर्ष छ।' चालक लालबहादुर नेपाली प्रहरी नियन्त्रणमा छन्।

दुर्घटनामा ज्यान गुमाउनेमा बाँकेका चारजना र भारतका तीनजना छन्। त्यसैगरी, रुकुम पश्चिम, चितवन, मकवानपुर, काठमाडौं र जुम्लाका एक-एकजना रहेका छन्। प्रहरीका अनुसार दुर्घटनामा परी बाँके खजुरा गाउँपालिका- ३ का सञ्जय केसी, नेपालगन्जका ६० वर्षीया कुसुम बस्नेत, बाँकेका ३० वर्षीय रामवरण हरिजन, कोहलपुर- ८ का २८ का अर्पण थापाका रहेका छन्। त्यस्तै, रुकुम गोतमकोट गाउँपालिका- ९ का २५ वर्षीय दीपक कामी, चितवन भरतपुरका ३५ वर्षीय अनिल खड्का, मकवानपुरका ३९ वर्षीय सौरभ विष्ट, काठमाडौं चन्द्रागिरिका ६५ वर्षीय ताराकान्त पाण्डे, जुम्लाका ४० वर्षीय मुनबहादुर रावत छन्। यसैगरी, भारत बिहारका ६७ वर्षीय जोगेन्द्र राम, बहराइज नानपारा बग्लु, भौतपुरका ४५ वर्षीय चेतराम सिल्पकार र उत्तर प्रदेशका ३१ वर्षीया मुनेकाे मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यस्तै काठमाडौंको चन्द्रागिरि नगरपालिकामा शनिबार दिउँसो भएको कार दुर्घटनामा पाँचजनाको मृत्यु भएको छ। चन्द्रागिरि- ४ मा काठमाडौंबाट चित्लाङतर्फ जाँदै गरेको प्र ३-०१-२३ च ६९८५ नम्बरको निजी गाडी हिमचुली सेतो पहरा भन्ने ठाउँमा दुर्घटना भएको हो।

दुर्घटनामा कारचालक डा. महेशकुमार गौतम, ६७ वर्षका ओमकारनिधि तिवारी, ६४ वर्षकी कल्पना तिवारी, ६ वर्षीया स्मारिका गौतम र चार वर्षका प्रियांश गौतमको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी कुमोद ढुंगेलले जानकारी दिए।

बाग्लुङ ढोरपाटन नगरपालिका- ५ ट्याङखोलामा बुर्तीबाङबाट ढोरपाटनतर्फ जाँदै गरेको ध.१ज १९ नम्बरको जिप शनिबार बिहान दुर्घटना हुँदा दुईजनाको ज्यान गएको छ। चालक ढोरपाटन नगरपालिका- ४ खुङगा बस्ने २७ वर्षीय तिलक घर्तीमगर र जिपमा सवार काठमाडौं चन्द्रागिरि नगरपालिका- १० सतुंगल बस्ने २८ वर्षीया संगीता अधिकारी गैरेको घटनास्थलमै मृत्यु भएको छ। साथै, दुर्घटनामा नौजना घाइते भएका छन्।

काठमाडौं नागार्जुन नगरपालिका- ४ बाफस्थित सोल्टी दोबाटोनजिक बा.९१ प १५९३ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई शुक्रबार राति दुर्घटना हुँदा चालक काठमाडौं कोटेश्वर बस्ने ४५ वर्षीय रविनकुमार श्रेष्ठको मृत्यु भएको छ। झापा झापा गाउँपालिका-५ स्थित सडकमा बा.४६ प २१०२ नम्बरको मोटरसाइकलको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ३२ वर्षीय गुनाल राजवंशीको शुक्रबार साँझ मृत्यु भएको छ। दोलखा जिरी नगरपालिका- ४ सिउरेनीमा लु.३त ६८८२ नम्बरको ट्र्याक्टर आफैं अनियन्त्रित भई शुक्रबार दिउँसो दुर्घटना हुँदा चालक सोही नगरपालिका- ४ मोक्पा बस्ने २४ वर्षीय दावा शेर्पाको मृत्यु भएको छ।

दुर्घटना न्यूनीकरणका लागि राज्यको उदासीनताले सडक दुर्घटनामा नेपालमा ज्यान गुमाउनेको संख्या बढ्दो छ। प्रहरी प्रधान कार्यालयका अनुसार दैनिक औसतमा सातजनाले ज्यान गुमाउँछन्।

श्रीमान्, छोराछोरी...

पृष्ठ १ बाट क्रमशः

दुर्घटनामा श्रीमान्, छोराछोरी र आमा-बुबालाई एकै छिनमा गुमाउनुपर्दा डा. सृष्टि मूर्च्छित छिन्। काठमाडौं उपत्यका ट्राफिक कार्यालयका अनुसार कार सडकबाट ६ सय मिटर तल खसेको थियो। कार दुर्घटनाका क्रममा ३८ वर्षीय डा. गौतमसहित उनीका छोरा चार वर्षीय प्रियांश, ६ वर्षीय छोरी स्मारिका, ६७ वर्षीय ससुरा ओमकारनिधि तिवारी र सासू कल्पना तिवारीको ज्यान गयो।

चारजनाको घटनास्थलमै तथा मृतक डा. गौतमकी छोरी स्मारिकाको वयोधा अस्पतालमा उपचारका क्रममा शनिबार नै मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी कुमोध ढुंगेलले बताए। प्रहरीका अनुसार दुर्घटना भएको सडकखण्ड निकै उकालो, अप्ट्यारो, कमलो माटो भएको ठाउँ छ। सडकको खराब अवस्थाका कारण पनि दुर्घटना पनि आकलन गरिएको छ।

डा. गौतम र उनकी श्रीमती सृष्टि मिलेर लाजिम्पाटस्थित आफ्नै घरमा नेसनल आस्मा एलर्जी सेन्टर सञ्चालन गर्दै आइरहेका थिए। बालबालिकामा हुने घाँटीलगायत शरीरमा हुने एलर्जीको उपचारका लागि डा. गौतम अब्बल मानिन्थे। उनले आफ्नै घरमा अस्पताल सञ्चालन गरेर कैयौं बालबालिकाको उपचार गर्दै आइरहेका थिए।

डा. गौतम आफ्नो निजी अस्पतालबाहेक महाराजगन्जमा रहेको इन्टरनेसनल फ्रेन्डसिप चिल्ड्रेन अस्पतालमा काम गर्थे। उनकी श्रीमती डा. सृष्टिले ललितपुर हरिसिद्धिमा रहेको नेपाल क्यान्सर अस्पतालमा काम गर्दै आइहेकी छिन्। पारिवारिक रिफ्रेसमेन्टका लागि चित्लाङ जाने क्रममा छोरी, जीवनसाथी र जन्मदिने बुबाआमा नै गुमाउँदा उनी विक्षिप्त छिन्।

हाल डा. गौतमका बुबाआमा र दाइ अमेरिकामा छन्। दाइ लामो समयदेखि अमेरिका बस्दै आए पनि करिब एक महिनाअघि उनका बुबाआमा घुमघामका लागि अमेरिका गएका थिए। दुर्घटनाबाट मृत्यु भएका पाँचैजनाको शव त्रिवि शिक्षण अस्पतालमा राखिएको छ भने उनीहरूको दाहसंस्कार मृतक गौतमका बुबाआमा र दाइ अमेरिकाबाट फर्किएपछि गर्ने बताइएको छ। मृतक डा. गौतमकी भान्जी स्मृति शर्मा तिवारीका अनुसार शनिबार घुमघामका लागि चित्लाङ जाने क्रममा दुःखद घटना भएको हो। उनका सहकर्मी तथा सञ्चारकर्मी पुरुषोत्तम घिमिरेका अनुसार डा. गौतम ज्ञानेश्वरमा रहेको रमेश चोखानीको आरबी डाइग्नोटिक सेन्टरमा पनि काम गर्दै आइरहेका थिए।

प्यारोल...

पृष्ठ १ बाट क्रमशः

सबै कागजपत्र मिलेका एक सय ४३ कैदीलाई प्यारोल सुविधा दिने निर्णय प्यारोल बोर्डबाट भएको छ,' उनले भने, 'अब मापदण्ड पुगेका अन्यले पनि क्रमशः यो सुविधा पाउँछन्।'

जेलबाहिर बसेर अपराधमा नलाग्ने निष्कर्षका आधारमा जेल प्रशासन तथा प्यारोल बोर्डले कैदीहरूलाई समाजमा बस्न दिने सुविधा दिन थालेको छ। यसबाट लागुऔषध मुद्दाका कैदी धेरै लाभान्वित हुनेछन्। तर, कारागार प्रणालीमा सबैलाई असल चालचलन भनेर कैद छुटलगायत सुविधा दिँदा त्यस्ता व्यक्ति पछि फेरि अपराधमा लाग्ने गरेकाले यो प्रावधान जोखिम पनि हुन सक्ने प्रहरी अधिकारीको चिन्ता छ।

०७४ मा आएको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले नेपालमा प्यारोलको व्यवस्था गरेको थियो। सरकारले यसलाई बल्ल कार्यान्वयनमा लैजान लागेको हो। गत १६ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले तत्कालका लागि जेलरलाई नै प्यारोल अधिकृत तोक्दै १ कात्तिकदेखि मापदण्ड पुगेका कैदीलाई प्यारोलमा राख्ने निर्णय गरेको थियो। तर, प्रक्रिया पूरा नभएका कारण कार्यान्वयन लम्बिएको कारागार व्यवस्थापन विभागले जनाएको छ। प्यारोल बोर्डमा कानुनसचिव, गृहसचिव, दुईजना मनोचिकित्सक, नेपाल प्रहरीका महानिरीक्षक, एक अपराधशास्त्री सदस्य तथा कारागार व्यवस्थापन विभागका महानिर्देशक सदस्यसचिव रहने प्रावधान छ।

खासगरी लागुऔषध र अपहरण तथा शरीर बन्धक मुद्दाका कैदीलाई यसबाट फाइदा हुनेछ। कैदीले प्रजातन्त्र दिवस, गणतन्त्र दिवस तथा संविधान दिवसका अवसरमा दिइने नियमित माफी मिनाहा नपाउने सूचीमा यी मुद्दा रहेकोमा प्यारोलको नकारात्मक सूचीमा भने छैनन्।

नकारात्मक मुद्दाको सूचीमा नरहेका कैदीले ५० प्रतिशत कैद भुक्तान गरेपछि बाँकी कैद माफी पाउने प्रावधान भएकाले आधा कैद सजाय भुक्तान गरेपछि नै छुट्छन्। माफी मिनाहाको नकारात्मक सूचीमा रहेकाले पूरै कैद बस्नुपर्ने हुन्छ।

यसरी प्यारोलमा रहने कैदीहरू प्यारोल अधिकृत (जेलर)को निगरानीमा हुनेछन्। परिवारसँगै घरमा बसे पनि उनीहरू निश्चित समयमा जेलरसँग सम्पर्क गर्नुपर्ने हुन्छ। 'कति समयमा कारागारमा तारेखमा जाने भन्ने कुरा जेलरले नै तोक्ने कारागार व्यवस्थापन विभागका निर्देशक पाण्डे बताउँछन्। प्यारोलमा रहँदा सर्त पालना नगरेमा बाँकी कैद भुक्तान गर्नुपर्ने हुन्छ।

प्यारोल बोर्डले यसअघि घरको पाँच किलोमिटरभन्दा टाढा जान नपाइने सर्त बनाएको थियो। त्यो जटिल हुने भएपछि हाल संशोधन गरिएको छ। अब कारागारमा बसेको जिल्ला तथा गृहजिल्लाभरि बस्न पाउने सुविधा दिन लागिएको छ। यसरी प्यारोलमा रहनेहरू रोजगारी तथा व्यवसायमा लाग्न पाउनेछन्। तर, उनीहरूविरुद्ध कुनै उजुरी आएमा फेरि जेल बस्नुपर्ने भएकाले यस्तो प्रावधानले कैदीलाई सुधार गर्ने र जेलको चाप भने घटाउन कारागारका प्रशासकहरू बताउँछन्।

गैरदलित...

पृष्ठ १ बाट क्रमशः

हुँदै अदालत गएपछि जिरीखिम्तीका दलितलाई सहयोग गर्ने केही गैरदलितसहित करिब २५ घर दलितलाई बहिष्कार गरिएको थियो। न्याय खोज्दा 'रिस साँध्न' अहिले विवाह, मेलापात, गाउँमा हुने सामूहिक कार्यमा दलित समुदायलाई एक्ल्याइएपछि दलितहरू आन्दोलनमा उत्रिएका थिए।

दलितहरूले ज्ञापनपत्र बुझाएपछि केही दिनअघि नगर प्रमुख मोहनप्रसाद तुम्बापोले नगरपालिकामा छलफल राख्दासमेत जिरीखिम्तीका गैरदलित माफी माग्न तयार नभएपछि दलित समुदाय जाहेरी बोकेर इलाका प्रहरी कार्यालय पथरी पुगेको थियो। इलाका प्रहरी कार्यालय पथरीले अर्को दिन जाहेरी लिएर आउन भन्दै पीडितलाई फर्काएपछि माफी माग्ने भन्दै गैरदलित समुदायले प्रहरीमा नजान आग्रह गरेका थिए। उनीहरूले शुक्रबारसम्मको म्याद राखेका थिए। शुक्रबार पथरीशनिश्चरे नगरपालिका- १० वडा कार्यालयको संयोजनमा जिरीखिम्तीस्थित डाँस मोरंगी सामुदायिक वनको कार्यालयमा दलित समुदाय र गैरदलित समुदायको छलफलमा गैरदलित समुदायले दलितसँग माफीमा मागेका थिए।

गैरदलितले बहिष्कार गरेका दलित समुदायलाई ढाका टोपी लगाईदिँदै माफी मागेको पीडित लक्ष्मण गुरागाईंले जानकारी दिए। 'माफी मागेपछि माफी दियौं। टोपी लगाइदिन अरू आउँदै थिए। छोरीले दलितसँग विवाह गरेपछि मेरो घरमा श्राद्ध गर्न नमान्ने पण्डित लक्ष्मीप्रसाद भट्टराईले पनि लगाइदिनुपर्छ भनें,' उनी भन्छन्, 'त्यसपछि मैले मेरो घरमा श्राद्ध गर्न आउनुपर्छ भन्ने प्रस्ताव राखेर टोपी लगाएँ।'

गैरदलितको बहिष्कारमा परेका पीडित पूर्ण विश्वकर्माले छलफलमा गैरदलित समुदायले माफी मागेसँगै एक महिनाभित्र वडाले सहभोज आयोजना गर्ने निर्णय भएको जानकारी दिए। 'विभेदको घटनाका विषयमा माफी पनि मागे। अब पनि दलितलाई बहिष्कार गरे कारबाहीको भागीदार हुने सहमति भएको छ। वडाले एक महिनाभित्र सहभोज गर्ने सहमति भएको छ,' उनले भने, 'यी सहमति कार्यान्वयन भएर विभेदरहित समाज निर्माण भयो भने त ठीक हो। तर, सहमति कार्यान्वयन नहुनेमा पनि शंका छ।'

चिसोले...

पृष्ठ १ बाट क्रमशः

भएकाले पक्षाघातका बिरामी मुटु कमाउने चिसोमा बाटोछेउको परालको खोपडीमा बस्दै आएका छन्। 'हामी गरिबलाई कुनै सरकारले पनि हेरेन, कम्तीमा दाउरा दिए पनि त्यही तापेर त ज्यान जोगाउँथ्यौं,' उनले गुनासो गरे। चिसोका कारण अस्पतालमा श्वासप्रश्वाससम्बन्धी बिरामी बढ्न थालेका छन्। भेरी अस्पतालमा श्वासप्रश्वास, रुघाखोकी र निमोनियाका बिरामी बढेको सूचना अधिकारीसमेत रहेका ग्यास्ट्रोलोजिस्ट फिजिसियन डा. संकेत रिसालले जानकारी दिए। 'चिसो बढेपछि एक सातायता बिरामी बढेका छन्,' उनले भने।

दाउरा बाँड्न थालियो, आगो ताप्ने व्यवस्था

चिसो बढेर नागरिकको जनजीवन प्रभावित हुन थालेपछि वन कार्यालयले दाउरा वितरण गर्न थालेका छन्। डिभिजन वन कार्यालय धनगढीले धनगढीका विभिन्न ठाउँमा आगो बाल्ने व्यवस्थाका लागि दाउरा वितरण गरेको हो। भूमिहीन, सुकुम्बासीलाई प्राथमिकतामा राखेर सार्वजनिक स्थलमा आगो बाल्ने व्यवस्थाका लागि प्रदेशका १० वटै डिभिजन वन कार्यालयलाई दाउरा वितरण गर्न निर्देशन दिइएको प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामीले बताए।

त्यसैगरी, चिसोबाट जोगाउन नेपालगन्ज उपमहानगरपालिकाले नगरमा आगो ताप्ने व्यवस्था मिलाएको छ। सर्वसाधारणको अत्यधिक चाप हुने नेपालगन्जका विभिन्न चोक र सडकमा आगो ताप्ने व्यवस्था मिलाइएको मेयर प्रशान्त विष्टले बताए। उनले आगो ताप्नका लागि उपमहानगरले दाउरा वितरण गरिएको जानकारी दिए। लहान नगरपालिकाले २४ वटै वडाका विपन्न बस्तीमा दाउरा बाँड्ने तयारी गरेको छ। लहान- १४ का वडाध्यक्ष धनिकलाल यादवले बस्तीपुरको मुसहर बस्तीसहित वडा क्षेत्रका अन्य गरिब, दलित बस्तीमा बाँड्ने तयारी रहेको बताए।

उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपातको सम्भावना

उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपातको सम्भावना छ। मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मीनकुमार अर्यालका अनुसार पश्चिमी पूर्व भेगका उच्च पहाडी र हिमाली क्षेत्रमा बादल बहन सुरु गरेकाले केही दिन हिमापात हुन सक्छ। त्यसबाहेक पश्चिमबाट पश्चिमी वायुको प्रभाव पनि बढिरहेको छ। 'दुवै सिस्टम मर्ज हुँदा धेरै क्षेत्रमा हिमापात हुन सक्छ,' उनले भने, 'सिस्टम मर्ज नहुँदै कोशी र गण्डकीका उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपात हुने देखिन्छ।' हालको अवस्थमा पश्चिम नेपालमा वर्षा हुन सक्ने देखिए पनि कति क्षेत्रमा र कति ठूलो वर्षा हुन सक्छ भनेर यकिन भइसकेको छैन। आधा हिउँद धर्किसक्दा पनि यसपटक हिउँदे वर्षा भएको छैन।

प्रहरीमा बढुवा

पृष्ठ १ बाट क्रमशः

गर्न लागिएको उनले बताए। 'सरोकारवालासँग विस्तृत छलफल भएर प्रारम्भिक मस्यौदा तयार भइकसको छ, त्यसमा धेरै सुधारका विषय छन्,' उनले भने, 'छिट्टै परामर्शका लागि अर्थ र कानुन मन्त्रालय पठाउने तयारी छ।' गत महिना गृह मन्त्रालयले गठन गरेको गृह प्रशासन सुधार सुझाव समितिका पदाधिकारीसहित बसेर प्रहरीको नयाँ ऐनको मस्यौदामा छलफल भएको हो। पूर्वमुख्यसचिव लीलामणि पौड्याल नेतृत्वको समितिअन्तर्गत पूर्वप्रहरी महानिरीक्षक प्रकाश अर्याल नेतृत्वको उपसमितिले पनि नीतिगत सुधारका विषयमा छलफल गरिरहेको छ।

सरुवा र बढुवामा हुने अत्यधिक राजनीतिका कारण संगठन कमजोर बनेको प्रहरी अधिकारी बताउँछन्। सुरुमा बढुवाको सूची बनाएर बढुवा समितिले नम्बर दिएर मिलाउने प्रवृत्तिले कार्यसम्पादन मूल्यांकन प्रणाली निकम्मा भएको छ। यसरी नम्बर बढुवा समितिका संयोजक तथा सदस्यमा सम्बन्धित प्रहरीको कार्यशैलीबारे जानकारी नभएका गृह मन्त्रालयका अधिकारीसमेत हुने गर्दछन्। कुल सय अंकमा मूल्यांकन हुँदा कार्यसम्पादनमा ४० तथा ज्येष्ठतामा २२ नम्बर छ। शैक्षिक योग्यताको १०, भौगोलिक क्षेत्रमा काम गरेको अनुभवबापत ८, तालिमबापत ७.५ र चुनौतीपूर्ण जिम्मेवारीबापत ५ अंक छ। एउटा ब्याचका अधिकृतबीच यी नम्बर थोरै मात्र तलमाथि हुन्छन्। बाँकी ७.५ अंक बढुवा समितिले बढुवा गर्ने वेलामा प्रदान हुने भएकाले यसैमा चलखेल हुने गरेको छ। प्रहरी अधिकारीको प्रस्तावमा गृहमन्त्री नारायणकाजी श्रेष्ठ यस्तो नम्बर घटाउन तयार भएका हुन्। तर, कति राख्ने भन्ने तय भइनसकेको गृह मन्त्रालय स्रोत बताउँछ। सशस्त्र प्रहरी बलले बनाएका ऐन संशोधनको मस्यौदामा पनि बढुवा समितिको अधिकार कटौती गर्ने सहमति जुटिसकेको छ।

नयाँ प्रहरी ऐनको तयारी तीव्र हुँदा उच्च प्रहरी अधिकारीको चासो भने ३० वर्षे सेवाहदको विषयमा छ। गृहमन्त्री श्रेष्ठले ३० वर्षे सेवाहद छिट्टै हटाइने बताउँदै आएका छन्। तर, वृत्ति विकास योजनाविना सेवाहद हटाउँदा समस्या हुने भन्दै केही प्रहरी अधिकारी त्यसको पक्षमा छैनन्। 'सैद्धान्तिक रूपमा सेवाहदको प्रावधान हटाउन सबै सहमत देखिन्छन्,' गृह मन्त्रालयका एक अधिकारी भन्छन्, 'तर, केही प्रहरी अधिकारीले आफूलाई केन्द्रमा राखेर केही वर्षपछि मात्र हटाउनका लागि लबिङ गर्दै आएका छन्।'

३० वर्षे सेवाहदका कारण ५०-५२ वर्षमै प्रहरी अधिकारीले अनिवार्य अवकाश पाउने गरेका छन्। यसले एकातर्फ अनुभवी प्रहरीबाट संगठनले फाइदा लिन नसकेको र अर्कोतर्फ पेन्सनको भार पनि थपिएको निष्कर्षका आधारमा यसलाई हटाउनुपर्ने बहस प्रहरीमा हुँदै आएको छ। तर, तत्काल हटाउँदा यसबारे केही प्रहरी अधिकारीको करिअर प्रभावित हुने भएकाले त्यसलाई सम्बोधनसमेत गर्नुपर्ने आवाज प्रहरीभित्र छ। विगतमा पनि सेवाहद हटाउने प्रस्ताव अघि बढेर पनि पटक-पटक रोकिएका छन्। त्यसकारण यसपटक पनि सेवाहदको विषयमा अन्योल कायमै छ।

प्रहरीमा पनि स्टाफ कलेज लागू गर्ने विषयमा पनि सहमति जुटेको छ। स्टाफ कलेज नगरेका अधिकृत प्रहरी नायब महानिरीक्षक (डिआइजी) हुन नपाउने प्रावधान नयाँ ऐनको मस्यौदामा राखिएको छ।

प्रहरीमा अब प्रहरी सहायक निरीक्षक (असइ)को सट्टा प्रहरी नायब निरीक्षक (सइ) तहमा भर्ना लिने तयारी छ। असइमा आन्तरिक प्रतिस्पर्धा र बढुवाबाट पदपूर्ति गर्ने र सइमा खुला प्रतिस्पर्धाबाट भर्ना लिने सहमति जुटेको छ। सइ पदमा निजामतीको नायब सुब्बा बराबर भएको र सइमा भर्ना लिँदा तल्लो तहका प्रहरीको बढुवा पनि छिटो हुने र कनिष्ठ अधिकृतको वृत्ति विकास पनि सहज हुने प्रहरी नेतृत्वको निष्कर्ष छ। सशस्त्र प्रहरी बलमा पनि यसबारे यसअघि नै छलफल भइरहेको छ। प्रहरीमा जनपथतर्फ जवान, असइ र इन्स्पेक्टर तहमा भर्ना हुन्छ। हालकै सहमतिअनुसार नयाँ ऐन जारी भएमा अब जवान, सइ र इन्स्पेक्टरमा भर्ना हुनेछ।

इन्स्पेक्टर भर्नाको उमेरहद पनि २७ वर्ष बनाउने तयारी छ। हाल उमेरहद २५ वर्ष छ। नयाँ ऐनमा अर्को पेचिलो विषय उच्च अधिकारीको पदावधिसमम्बन्धी छ। छलफलमा प्रहरी महानिरीक्षकको तीन, अतिरिक्त महानिरीक्षकको चार र नायब महानिरीक्षकको पाँच वर्ष बनाउने सहमति छ। तर, केही उच्च प्रहरी अधिकारीले यसलाई आफूअनुकूल बनाउन लबिङ गरिरहेका छन्।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
सञ्चार रजिष्ट्रारको कार्यालय
हेटौंडा, मकवानपुर

चलचित्र क्षेत्रमा भविष्य बनाउन चाहनेहरूका लागि सूचना

प्रथमपटक सूचना प्रकाशित मिति : २०८०/ ९/ २९ गते

यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न मिति २०८०/०९/२५ मा प्रदेश सरकारबाट स्वीकृत मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि २०८० बमोजिम बागमती प्रदेशका विषयवस्तुमा आधारित भई मौलिक लघु चलचित्रको पटकथा लेखन कार्यशालामा सहभागी हुन चाहने, वृत्तचित्र निर्माण गर्न चाहने, चलचित्र निर्माण गर्न चाहने, बागमती प्रदेशमा चलचित्र महोत्सव आयोजना गर्न चाहने, एप्रिसियसन कार्यशालामा सहभागी हुन चाहने बागमती प्रदेशमा कम्तीमा पाँच वर्षदेखि क्रियाशील वा बागमती प्रदेशका बासिन्दाका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यविधिको अनुसूचीमा तोकिएको ढाँचामा आवेदन दिन सूचित गरिन्छ। चलचित्रसँग सम्बन्धित सरोकारवाला निकाय वा व्यक्तिले कार्यालयको वेवसाइट **https://cro.moial.p3.gov.np** बाट कार्यविधि डाउनलोड गर्न सक्नेछन्। आवेदन दिन चाहने व्यक्तिले काठमाडौं उपत्यका कार्यालय वा हेटौंडास्थित कार्यालय वा कार्यालयको इमेलमा आवेदन पठाउन सक्नेछन्।

कार्यालयको ठेगाना
सञ्चार रजिष्ट्रारको कार्यालय
काठमाडौं उपत्यका कार्यालय : **जावलाखेल, ललितपुर, फोन : ०१-५४२०४४७**
हेटौंडा कार्यालय : **(सिद्धार्थ माध्यमिक विद्यालयको दक्षिण प्रवेशद्वार) मकवानपुर**
फोन : ०५७-५२०२५० इमेल : admin.cro@bagamati.gov.np

मोटरसाइकल हरायो

मिति २०८०/९/१२ गते अन्दाजी दिउँसो ३ बजेदेखि साँझ ६ बजेको समयमा का.जि. तारकेश्वर न.पा. बाइपास चोकबाट पार्किङ गरेको बेला मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको **220 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : विकास राजवाहक (पुट्टवार)
मो.सा.नं.: बा प्र. ०४५-प ५०९५
चेसिस नं. : **MD2A13EX9NCM83156**
इन्जिन नं. : **DKXCNM37487**
सम्पर्क न. : **9803636789/9803264689**

तपाई हाम्रो
बचत तथा ऋण सहकारी संस्था लि.
ललितपुर-१३, जावलाखेल । फोन नं. ०१-५५४५०१४

सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८०/०५/१५ गतेको दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा संस्थाको सोह्रौं वार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरुले यसै सूचनालाई आधार मानी उपस्थित भई दिनु हुन अनुरोध गर्दछौं ।

कार्यक्रम :
मिति : २०८०/१०/०६ गते, शनिबार
समय : बिहान ११:०० बजे
स्थान : लि बगैंचा ग्रील एण्ड बार प्रा.लि., ललितपुर-१३, जावलाखेल ।

Invitation for Bids

Ministry of Industry, Tourism, Forest and Environment
Division Forest Office
Pahalmanpur Kailali
Sudurpashchim Province, Nepal
Invitation for Bids No: As Per CDT
Date of publication: 2080/09/29 (14/01/2024)

1. **Division Forest Office, Pahalmanpur, Kailali** invites electronic bids from Nepalese eligible bidders for the construction of as Per CDT under National Competitive Bidding procedures. The estimated amount for the works is as Per CDT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Division Forest Office, Pahalmanpur, Kailali or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank. Information to deposit the cost of bidding document in Bank:
4. **Name of the Bank: Rastriya Banijaya Bank Name of Office: Pardesh Lekha Nitrayak Office, Dhangadhi, Kailali . Office Account no.: 4170100202030000 Office Code no.: 3050177017**
   Rajaswa (revenue) Shirshak no.: 14229
   Rajaswa (revenue) Account no..: 1000200010000
   Name of Office: Division Forest Office, Pahalmanpur, Kailali
   Office Code no.: 3070277037
5. Pre-bid meeting shall not be held.
6. electronic bids must be submitted to the office of ***Division Forest Office, Pahalmanpur, Kailali*** through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 hrs** on **2080/11/01 (13/02/2024)**.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hrs** on **2080/11/01 (13/02/2024)** at the office of ***Division Forest Office, Pahalmanpur, Kailali***. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security, amounting to a minimum of **as Per CDT** which shall be valid for **30 days** beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

CDT

Contract no./ID	Description of Works	Total Estimated Amount (With Vat) NPR	Bid Security Amount (NPR)	Bid Document Fee (NPR)
DFOPK/ NCB/01/080/081	Sub-Division Ban Karyalaya Sukhad Ko Bhawan Nirman, Ward No. 1	4,999,786.31/-	140000/-	3000/-

Division Forest Officer

Govt. of Madhesh Pradesh
Ministry of Labour and Transport
Janakpurdham

Invitation for Bids

Published Date: 2080/09/29

1. Ministry of Labour and Transport, Madhesh Pradesh, Jankapurdham invites online bid under e-biding system through National Competitive Bidding (NCB) Single Stage Single Envelope Bidding procedure.

S.N	Contract ID No.	Name of Work	Bid Security Amount (NRs)	Cost of Bidding Document (NRs)	Last Date and Time of Bid Submission	Bid Opening Date and Time
1	MOLT/MP/NCB/ GOODS/080/81/02	Purchase of 4WD Hardtop Jeep (1 Unit)	3,00,000/-	3,000/-	2080/11/01 12:00:00 hours	2080/11/01 14:00:00 hours

2. Eligible bidders may obtain further information from the office of Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham or may visit https://www.bolpatra.gov.np/egp.

बर्सेनि ११ सय औषधि परीक्षण गर्ने विभागको लक्ष्य, तर गरिन्छ हजारभन्दा थोरै



■ **प्रमोद केसी**, सूचना अधिकारी, औषधि व्यवस्था विभाग

गुणस्तरहीन भेटिनेबित्तिकै कारबाही गर्न मिल्दैन। ऐनअनुसार निलम्बनको कारबाहीमा पर्नेहरू कम नै हुन्छन्। अनुगमन शाखाले मूल्यांकनपछि असरयुक्त औषधि प्रयोगबाट क्षति भएको पुष्टि भएमा मात्र लाइसेन्स खारेज गरिन्छ, जुन न्यून संख्यामा मात्रै हुने गरेको छ।

मञ्जु टेलर/नयाँ पत्रिका

औषधि व्यवस्था विभागले गत २६ मंसिरमा परीक्षणका क्रममा औषधिमा गुणस्तर नभेटिएको भन्दै चार प्रकारका १० वटा औषधिलाई बजारमा बिक्री-वितरण रोक्न सूचना निकाल्यो। मधुमेह, दुखाइ र ब्लड क्लटमा प्रयोग भइरहेका यी औषधिको प्रभावकारिता नभएको भन्दै उत्पादन र बिक्रीमा रोक लगाएको थियो। विभागमा दर्ता भएका, तर हाल सुरक्षा, प्रभावकारिता र सहनशीलता (सेफ्टी, इफिसियन्सी र टोलेरेबिलिटी)को हकमा प्राप्त विवरणका आधारमा ती औषधिको प्रभावकारिता राम्रा नभएको जनाइएको थियो।

रोक लगाएका औषधिमध्ये एसिक्लोफेनाक, लिनिग्लिप्टन, लिनिग्लिप्टन एन्ड मेटाफर्मिन र रिभारेक्सोवनअन्तर्गतका १० वटा औषधि थिए। जसमध्ये २.५ एमजी, ५ एमजी र १० एमजीका लिनिग्लिप्टनका ट्याबलेट, ५ एमजीको रिभारेक्सोवन ट्याबलेट, २०० एमजीको एसिक्लोफेनाक इमिडिएट रिलिज ट्याबलेट र एसिक्लोफेनाककै ३०० एमजीको डिस्पर्सिबल, इमिडिएट, कन्ट्रोल्ड, एक्सटेन्डेट र सस्टेन्ड रिलिज ट्याबलेट थिए। यसबाहेक मेटाफर्मिनको ५०० एमजी र ८५० एमजीका ट्याबलेट प्रयोगमा रोक लगाइएको थियो। जुन औषधि सल्लाहकार समितिबाट सिफारिस नहुँदासम्मका लागि रोक्न निर्देशन दिइएको हो।

यसअघि ३ असारमा निरीक्षणका क्रममा दर्ता नभएका औषधि बिक्री-वितरण गरेको पाइएको भन्दै तीनवटा औषधिलाई तत्काल रोक्न विभागले निर्देशन दियो। औषधिको गुणस्तर निरीक्षणका क्रममा विभिन्न कम्पनीले उत्पादन गरिरहेको 'मेलापिक क्रिम'को बिक्री रोक लगाएको थियो। यसबाहेक अस्पतालका फार्मेसीका औषधिमा समेत गुणस्तर राम्रो नभएको भन्दै गुनासो आइरहेको भन्दै विभागले गुणस्तरहीन औषधि बिक्री-वितरणमा रोक लगाउन सूचना जारी गर्दै आएको छ।

गत कात्तिकमा पाटन अस्पतालमा गुणस्तरहीन औषधि प्रयोगमा आएका कारण दुईजना व्यक्तिको मृत्यु भएको रिपोर्ट आएपछि राष्ट्रिय औषधि प्रयोगशालाले गुणस्तर परीक्षण गरेको थियो। तर, उनीहरूमा प्रयोग गरिएको औषधि 'सेफ्टियाक्सोन' नामक एन्टिबायोटिक्स र रगत पातलो गर्ने औषधि 'हेपारिन' गुणस्तरहीन नभेटिएको औषधि व्यवस्था विभागले जनाएको छ।



■ कुन वर्ष कति औषधि गुणस्तरहीन ?

नेपालमा १८ हजार ६ सयभन्दा बढी प्रकारका औषधि प्रयोगमा आउने गरेका छन्। तर, सबै औषधिको गुणस्तर परीक्षण गरिँदैन। औषधि व्यवस्था विभागले बर्सेनि बढीमा ११ सयवटा औषधिको परीक्षणको लक्ष्य राख्दै आए पनि हजारभन्दा कम औषधिको मात्रै गुणस्तर परीक्षण हुँदै आएको छ।

आर्थिक वर्ष ०७९/८० मा सात सय ५७ वटा औषधिको नमुना परीक्षण गरिएको थियो, जसमध्ये ३३ प्रकारका औषधि गुणस्तरहीन भेटिएका थिए।

आव ०७८/७९ मा ६ सय ३४ वटा औषधिको मात्र गुणस्तर परीक्षण गरिएको थियो, जसमध्ये ५७ वटा औषधि गुणस्तरहीन भेटिएका थिए। जुन परीक्षण गरिएको औषधिको ८.९९ प्रतिशत हुन जान्छ।

आव ०७७/७८ मा तीनवटा औषधि उद्योगलाई नै निलम्बनको कारबाही गरिएको थियो। परीक्षणका क्रममा न्यून गुणस्तर र गुणस्तरहीन भेटिएको भन्दै औषधि व्यवस्था विभागले लाइभकेयर फर्मास्युटिकल कम्पनी, एमटेक मेड कम्पनी र शिव फर्मास्युटिकललाई निलम्बन गरेको थियो। जसमध्ये लाइभकेयर फर्मास्युटिकल र एमटेक मेड कम्पनीलाई क्रमशः १० दिन र एक महिना निलम्बनमा राखिएको थियो। शिव फर्मास्युटिकलको अनुज्ञापत्र तथा बिक्री-वितरण दर्ता प्रमाणपत्र नै निलम्बन गरिएको थियो। गुणस्तर परीक्षणका क्रममा गुणस्तरहीन भेटिएपछि आव ०७६/७७ मा विभिन्न प्रकारका २१ वटा औषधिलाई बजारमा बिक्रीमा रोक लगाएको थियो। आव ०७४/७५ मा एक हजार चारवटा औषधिको परीक्षण गरिएकोमा ९१ वटा औषधि न्यून गुणस्तरका भेटिएका थिए।

तर, परीक्षणका क्रममा न्यून गुणस्तर र गुणस्तरहीन भेटिएका औषधि उत्पादक र आयातकर्तालाई विभागले केही समय निलम्बनमा मात्रै राख्दै आएको छ। गुणस्तरहीन भेटिएका अधिकांश औषधि उत्पादकलाई सात दिनदेखि तीन महिनासम्मका लागि मात्रै निलम्बनमा राख्दै आएको छ। विभागले भने औषधि ऐन, २०३५ अनुसार गुणस्तरहीन भेटिनुको कारणबारे रिपोर्ट पेस गर्न लगाउने र रिपोर्टमा चित्त नबुझेमा मात्रै निलम्बनमा राख्न मिल्ने भएकाले कारबाहीमा पर्नेको संख्या कम भएको बताउँदै आएको छ। 'गुणस्तरहीन भेटिनेबित्तिकै कारबाही गर्न मिल्दैन। ऐनअनुसार निलम्बनको कारबाहीमा पर्नेहरू कम नै हुन्छन्,' औषधि व्यवस्था विभागका सूचना अधिकारी प्रमोद केसीले भने।

औषधि ऐन, २०३५ को दफा १४ अनुसार जनसुरक्षित, असरयुक्त र गुणयुक्त नभएको औषधि फिर्ता पठाउने नियमअनुसार गुणस्तरहीन औषधिलाई फिर्ता ल्याएर नष्ट गरिने गरिएको विभागका सूचना अधिकारी केसीको भनाइ छ। 'अनुगमन शाखाले मूल्यांकनपछि असरयुक्त औषधिको प्रयोगबाट क्षति भएको पुष्टि भएमा मात्र लाइसेन्स खारेज गरिन्छ, जुन न्यून संख्यामा मात्रै हुने गरेको छ,' उनले भने। औषधि ऐनमा गुणस्तरहीन औषधि सेवनबाट कुनै व्यक्तिको ज्यान गएमा वा स्वास्थ्यमा हानि पुग्न गएमा उत्पादन कम्पनीले क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ।

हालसम्म गुणस्तरहीन औषधिको प्रयोगबाट मान्छेको मृत्यु वा क्षति भएका मुद्दा अदालतसम्म भने नपुगेको विभागका सूचना अधिकारी केसीले बताए। तर, गुणस्तरहीन औषधिको प्रयोग र सेवनका कारण आममानिसको स्वास्थ्यमा भने गम्भीर असर परिरहेको डा. नवीन रौनियार बताउँछन्। उनका अनुसार बिरामीले अधिकांश औषधि चिकित्सकको प्रिस्क्रिप्सनबिना सिधै औषधि पसल वा फार्मेसीबाट किनेर खाने भएकाले गुणस्तरहीन हुनसक्ने जोखिम झन् बढिरहेको छ। 'आफैंले किनेर खाँदा गुणस्तरहीन हो वा होइन भन्ने थाहा हुँदैन। यसबाहेक उस्तै औषधिहरूसमेत फरक कम्पनीको उत्पादन हुँदा कति सेवनयोग्य हो वा होइन, हामीकहाँ परीक्षण नै गरिँदैन। जसकारण एन्टिमाइक्रोबियल रेसिस्टेन्स (औषधिले शरीरमा काम गर्न छोड्ने अवस्था) जस्ता जोखिम उच्च दरमा देखिन्छन्।'

यसका लागि सरकारले नियमित औषधिमा परीक्षण गर्नुपर्ने र औषधि सेवन वा प्रयोग गर्दा चिकित्सकको सल्लाहबमोजिम मात्रै लिनुपर्ने चिकित्सकहरूको सुझाव छ। गुणस्तरहीन औषधिको प्रयोगबाट व्यक्तिको तत्काल मृत्यु भएका घटना न्यून देखिए पनि यसकै कारण रोगहरू बल्झिने, अन्य रोगको जोखिम बढ्ने र औषधिको असर विभिन्न अंगहरूमा देखिने वा एएमआर जस्ता समस्या लिएर अस्पताल पुग्न गरेको चिकित्सकहरूको भनाइ छ।

■ गुणस्तर परीक्षणमै समस्या

नेपालमा हाल १८ हजार ६ सय १९ औषधि दर्ता छन्। जुन नेपालमा उत्पादन गरिरहेका एक सय ४३ वटा औषधि उत्पादन कम्पनी र नेपालमा दर्ता भएर बाहिरबाट औषधि ल्याउने एक सय ८५ वटा आयात कम्पनीले ल्याउने औषधि हुन्। जसको प्रभावकारिता परीक्षण गुणस्तर परीक्षण तथा विश्लेषण गर्ने प्रमुख निकाय राष्ट्रिय औषधि प्रयोगशालाले गर्दै आएको छ। तर, सीमित जनशक्तिको कारण देखाउँदै बर्सेनि लक्ष्यभन्दा कम औषधिको मात्रै गुणस्तर मापन हुन्छ। बर्सेनि करिब १९ हजार औषधिको परीक्षण गर्नुपर्ने भए पनि प्रयोगशालाले वार्षिक हजार प्रकारका मात्र औषधिको परीक्षण गर्ने लक्ष्य लिने गरेको छ। नेपालमा सरकारीस्तरमा औषधिको परीक्षण तथा विश्लेषण गर्ने एक मात्र प्रयोगशाला भएकाले समेत सबै औषधिको गुणस्तर परीक्षण गर्न नसकेको बताउँदै आएको छ। प्रयोगशालाले बर्सेनि ११ सय औषधिको निरीक्षण र परीक्षण गर्ने लक्ष्य लिए पनि हजारभन्दा कम औषधि मात्रै परीक्षण गर्न सकिएको राष्ट्रिय औषधि प्रयोगशालाका प्रमुख भरत भट्टराईले बताए। उनका अनुसार प्रयोगशालामा जनशक्ति, उपकरण र अन्य सुविधाका अभावमा हजारहाराहारीमा मात्रै परीक्षण भइरहेको छ।

गुल्मीमा मुटु, मिर्गौला र क्यान्सरका बिरामी बढ्दै

गुल्मीमा **टोपलाल अर्याल**

स्वास्थ्य कार्यालय गुल्मीका अनुसार संघीय सरकारले विपन्न नागरिक उपचार कोषमार्फत सात किसिमका रोगबाट पीडितलाई दुई लाख रुपैयाँ सहयोग गर्दै आएको छ। जसमा गुल्मी अस्पतालबाट मिर्गौलापीडित ६३, मुटुरोगी एक सय सात, क्यान्सरका दुई सय, हेड इन्जुरीका तीन र स्पाइनल इन्जुरीका ११ जना गरेर तीन सय ७४ जनाले सेवा लिएका छन्।

लुम्बिनी प्रदेश स्वास्थ्यउपचार विशेष आर्थिक सुविधाअन्तर्गत सरकारले तीन प्रकारका रोगबाट पीडितलाई दुई लाख दिने व्यवस्था गरेको छ। जसमा मिर्गौला प्रत्यारोपण गरेका २५ जना, क्यान्सरका एक सय १३ र मुटुको भल्भ फेरेका ४३ जनाले सेवा लिएको स्वास्थ्य कार्यालय गुल्मीका सूचना अधिकारी पशुपति आचार्यले जानकारी दिए। मिर्गौला रोगको हकमा प्रत्यारोपण गर्नेलाई र मृटु रोगको हकमा भल्भ फेर्नेहरूले मात्रै प्रदेशको सुविधा पाउने आचार्यले बताए। त्यस्तै, संघीय सरकारले आर्थिक वर्ष ०७८/७९ बाट तीन प्रकारका रोगबाट पीडित व्यक्तिहरूलाई मासिक पाँच हजार प्रदान गर्दै आएको छ। यो सेवा लिने मिर्गौलापीडित एक सय १४, क्यान्सरका दुई सय २४ र इस्पाइनल प्यारालाइसिसका १९ जना छन्।

रेसुंगा नगरपालिका- ३ का देवीराम खनाल एक वर्षदेखि मिर्गौलापीडित छन्। अस्पताल र कोठा खोजेर सात महिना काठमाडौंमा डायलाइसिस गरे। मामा मिर्गौला दिन सहमत थिए। तर, लामो समयपछि अस्पतालले नमिल्ने बतायो। काठमाडौंको खर्च र पीडाले खनाल घर फर्किए। घर फर्किएपछि पाल्पा गएर डायलाइसिस गर्न थाले। रोगले थला परेको ज्यान र टाढाको गाडी यात्रा। उनले निकै मुस्किलले दुई महिना बिताए। अहिले गुल्मी अस्पतालमा डायलाइसिस गराउन पाउँदा खनाललाई केही राहत भएको छ। पुस पहिलो साताबाट गुल्मी अस्पताल तम्घासमा मिर्गौलाको डायलाइसिस सेवा सुरु भएको छ।

गुल्मी अस्पतालमा नसर्ने रोगका लागि पेनप्लस क्लिनिक सेवा सञ्चालन हुने भएको छ। अस्पतालमा आउने गम्भीर तथा नसर्ने कडा रोगका बिरामीका लागि क्लिनिकबाट सेवा उपलब्ध हुनेछ। नेपाल सरकार र काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ संस्थाले पेनप्सल परियोजनाले पाइलोटिङ प्रोजेक्टका रूपमा काम गरिरहेका छन्। अस्पतालमा पाँचवटा डायलाइसिस मेसिन छन्। मेसिन सञ्चालनका लागि एकजना मेडिकल अधिकृतसहित तीनजना जनशक्तिको व्यवस्था गरिएको छ। उनीहरूले तालिम लिएर आएको र थप दुईजनालाई पनि तालिमका लागि पठाएको गुल्मी अस्पताल तम्घासका प्रमुख वरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट डा. किशोर बन्जाडेले बताए। अहिले एकजनाले डायलाइसिस गरिरहेका छन्।

संक्षेप

मधेश सरकारले ३ माघमा स्वाभिमान दिवस मनाउने

जनकपुरधाम/ मधेश सरकारले स्वाभिमान दिवस मनाउने भएको छ। ३ माघमा प्रदेश नम्बर २ बाट मधेश प्रदेश नामाकरण गरिएको र प्रदेशको राजधानी जनकपुरधाम तोकिएको सम्झनामा प्रदेश सरकारले स्वाभिमान दिवस मनाउन लागेको हो। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले ३ माघलाई स्वाभिमान दिवस मनाउने निर्णय गरिएको मधेश सरकारका प्रवक्तासमेत रहेका गृहसञ्चार तथा कानुनमन्त्री मोहम्मद सम्मिमले जानकारी दिए। उनका अनुसार ३ माघ ०७८ कै दिन तत्कालीन 'प्रदेश २' को नाम मधेश प्रदेश नामाकरण र स्थायी राजधानी जनकपुरधाम प्रदेश सभा बैठकबाट पास भएको थियो। त्यस दिनलाई स्वाभिमानी दिवसको रूपमा मनाउने निर्णय भएको प्रवक्ता सम्मिमले बताए। त्यस्तै, ५ माघमा मधेश सरकारले बलिदानी दिवस मनाउने र त्यस अवसरमा मधेश आन्दोलनसहित परिवार र घाइतेलाई आर्थिक सहयोग पनि गर्ने निर्णय भएको मन्त्री सम्मिमले बताए। उनका अनुसार बलिदानी दिवसमा मधेश सरकारले वीरगन्जमा कार्यक्रम आयोजना गर्नेछ।

भूकम्प प्रभावित गर्भवती र सुत्केरीलाई पौष्टिक आहार सहयोग

बाँके/ जाजरकोटका भूकम्प प्रभावित गर्भवती, सुत्केरी तथा सीमान्तकृत महिलालाई हजार थान राहत सामग्री त्यसतर्फ पठाइएको छ। काग्रेस केन्द्रीय सदस्यसमेत रहेकी कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापति डा. आरजु राणाले तरुण दलका अध्यक्ष विद्वान गुरुङलाई नेपालगन्जमा राहत सामग्री हस्तान्तरण गरिन्। उनले राजनीतिक आस्थाभन्दा माथि उठेर सो राहत वितरण गर्न निर्देशन दिएकी छिन्।

'यो विशुद्ध सामाजिक काम हो। यो या त्यो दलको भनेर विभेद नगर्नुहोला। कसैलाई भेदभाव नगरी राजनीतिक आस्थाभन्दामाथि उठेर राहत वितरण गर्नुहोला,' उनले भनिन्। ती सामग्री भूकम्प प्रभावित गर्भवती, सुत्केरी तथा सीमान्तकृत महिलालाई वितरण गरिने भएको छ। डिग्निटी किट एवं पौष्टिक तथा पोषिलो आहारसहितको हजार थान झोला भूकम्प प्रभावित गर्भवती, सुत्केरी तथा सीमान्तकृत महिलालाई वितरण गरिने उनले बताइन्। १८ प्रकारको सामग्री भएको किटको संख्या पाँच सय थान र १५ प्रकारको सामग्री भएको किटको संख्या पाँच सय थान रहेको छ।

वितरण गरिने सामग्रीमा ज्याकेट तथा ट्राउजर, उलनको मोजा, स्यानेटरी प्याड, बच्चाको ब्ल्यांकेट, बच्चाको कपडा, म्याक्सी, कटनको तौलिया, भित्री वस्त्र, टुथब्रस, टुथपेस्ट, नेलकटर, काइँयो, सरफ, सेम्पु, नुहाउने साबुन, लुगा धुने साबुन र पोषणयुक्त खानेकुरा छन्। डा. राणाको सचिवालय, ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) काठमाडौं, सुरक्षित मातृत्व सञ्जाल महासंघ काठमाडौं, पपुलेसन कनेक्सन अमेरिका, नेपाल स्वास्थ्य फुड इन्डस्ट्रिज मोरड र हिमालयन री इन्स्योरेन्स प्रालि काठमाडौंले राहत सामग्री जुटाएका हुन्। डा. राणाले विपत्का बेला सक्दो सहयोग गर्नु मानवीय धर्म भएको बताइन्।

आफैंले काटेको रूखको हाँगाले च्यापिएर मृत्यु

मकवानपुर/ मकवानपुरमा शनिबार भएका छुट्टाछुट्टै घटनामा दुईजनाको मृत्यु र एकजना घाइते भएका छन्। प्रहरीका अनुसार हेटौंडा उपमहानगरपालिका- १२ मा आफैंले काटेको हाँगाले च्यापिँदा एकजना र मनहरी गाउँपालिकामा ६१ वर्षीया महिलाको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा- १२ पदमपोखरीमा २० वर्षीय योगेश अर्यालको आफैंले काटेको रूखको हाँगाले च्यापिएर मृत्यु भएको छ। स्थानीय सोल्टीचोकनजिकै रूखमा चढी हाँगा काट्ने क्रममा काटिएको हाँगाले लागेर रूखमा च्यापिएर उनको मृत्यु भएको मकवानपुर प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए।

यस्तै, मनहरी गाउँपालिका- ३ कौगेडीस्थित माइतीघरमा बस्दै आएकी सावित्री पाण्डेलाई घरबाट करिब सय मिटर पूर्व गोरेटो बाटोमा मृत अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ। ६१ वर्षीया पाण्डेको शव परीक्षणका लागि हेटौंडा अस्पतालमा राखिएको छ।

यसैगरी, आफ्नै सहोदर भाइले पेट्रोल छर्केर लागो लगाउँदा एकजना गम्भीर घाइते भएका छन्। शनिबार दिउँसो हेटौंडा- ४ चिल्ड्रेन पार्क गरदोइ बस्ने अन्दाजी ३२ वर्षका कुमार गिरीलाई उनका भाइ २८ वर्षका रवि गिरीले पेट्रोल छर्की आगो लगाएका थिए। मादक पदार्थ सेवन गरी विवाद हुँदा रविले कुमारको शरीरमा पेट्रोल छर्की आगो लगाएका थिए। आगोले जलेर गम्भीर घाइते गिरीलाई उपचारका लागि हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौंस्थित कीर्तिपुर बर्न अस्पताल पठाइएको प्रहरीले जनाइएको छ।

संसद्को आगामी अधिवेशनमा शान्ति प्रक्रिया टुंगिन्छ : परराष्ट्रमन्त्री



बैतडी/ परराष्ट्रमन्त्री एनपी साउदले संसद्को आगामी अधिवेशनबाट शान्ति प्रक्रियालाई टुंग्याउन विधेयक पारित हुने बताएका छन्। शनिबार बैतडीको दोगडाकेदारमा आयोजित सांस्कृतिक महोत्सवमा उनले सबै दलको सहमतिअनुसार पीडितलाई न्याय दिने किसिमले शान्ति प्रक्रियालाई टुंग्याउन लागिएको बताए।

'आगामी अधिवेशनमा शान्ति प्रक्रिया टुंगोमा पुऱ्याउन सरकारले विधेयक संसद्मा लैजाँदै छ,' साउदले भने, 'यो विधेयक पारित भइसकेपछि संसारभरि नेपालको शान्ति प्रक्रियाको मोडेल स्थापित हुँदै छ। त्यो काममा अहिले हामी लागेका छौं।' उनले सरकारले पछिल्लो एक वर्षमा बदनाम हुने कुनै काम नगरेको दाबी पनि गरे। 'सरकारले टाउको निहुराउने र लज्जाबोध हुने किसिमले अहिलेसम्म कुनै काम गरेको छैन। खस्केको अर्थतन्त्र उकास्ने, बिग्रे-भत्केको प्रशासन यन्त्रलाई सुशासनको बाटोमा लैजाने भनेर हामी लागिपरेका छौं,' उनले भने।

मन्त्री साउदलाई स्थानीयले मध्यपहाडी लोकमार्गको अन्तिम विन्दु झुलाघाटमा पक्की पुल र महाकाली करिडोर कहिले बन्छ भनेर प्रश्न गरेका थिए। जवाफमा उनले दार्चुलापछि बैतडी झुलाघाट र डडेल्धुराका शीर्षमा महाकाली नदीमा मोटरपुल बन्ने तयारी भइरहेको बताए। दुवै पुलको लम्बाइ पाँचदेखि ६ सय मिटर हुने उनले बताए। 'यी दुई पुल समयमै सम्पन्न गर्छौं भनेर दुवै देशका परराष्ट्रमन्त्रीहरूले प्रतिबद्धता गरेका छौं,' उनले भने, 'दुई परराष्ट्रमन्त्रीको संयुक्त बैठकको एउटा बुँदा यो पुल बन्ने कुरा रहेको म जानकारी गराउन चाहन्छु।'

माघ पहिलो साता माओवादीको विधान अधिवेशन

केन्द्रीय कमिटीको आकार १५१ सदस्यीय बनाउने प्रस्ताव

नयाँ पत्रिका

सत्तारूढ माओवादीले आगामी १-३ फागुनमा विधान अधिवेशन गर्ने निर्णय गरेको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा शनिबार बसेको स्थायी समिति बैठकले विधान अधिवेशनको मिति तय गरेको हो।

बैठकपछि उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने, 'विधान अधिवेशन १, २ र ३ फागुन गर्ने निर्णय भयो। त्यसका लागि प्रतिनिधिहरू छान्ने क्राइटेरियाहरू पनि तय गरिएको छ।' अधिवेशनमा करिब १३ सय प्रतिनिधि सहभागी हुनेछन्। केन्द्रीय सदस्य, ज्येष्ठ मञ्च, केन्द्रीय आयोग, केन्द्रीय सल्लाहकार, ७७ जिल्लाका संयोजक, जनवर्गीय संगठनका केन्द्रका प्रमुख सहभागी हुनेछन्।

केन्द्रीय कमिटीको आकार सानो बनाउने माओवादीको तयारी छ। विधान संशोधनका लागि गठित मस्यौदा समितिले केन्द्रीय कमिटीको आकार करिब चार सयबाट एक सय ५१ सदस्यीय बनाउने प्रस्ताव गरेको छ। विधानको मस्यौदा तल्लो तहसम्म पठाएर सुझाव संकलन गर्ने निर्णय बैठकले गरेको छ। मस्यौदामाथि प्राप्त सुझावबारे छलफल र निर्णय गर्न २६ माघमा स्थायी समिति बैठक बस्ने प्रवक्ता सापकोटाले बताए।

माओवादीले अध्यक्ष प्रचण्डको नेतृत्वमा पार्टी एकता संयोजन समिति बनाउने निर्णय गरेको छ। विभिन्न पार्टीसँग भएका एकता प्रक्रियालाई टुंगोमा पुऱ्याउन समितिले पहल गर्ने माओवादीले जनाएको छ।

उपमहासचिव जनार्दन शर्माले पार्टीको नाम नेकपा समाजवादी राख्न प्रस्ताव गरेका छन्। स्थायी कमिटी बैठकमा विधान मस्यौदामा केही विषय छुटेको भन्दै पूरक प्रस्ताव राखेको शर्माले बताए। 'विधान मस्यौदामा केही विषय छुटेकाले बैठकमा प्रस्ताव राखेको हुँ,' उनले नयाँ पत्रिकासँग भने।

■ विशेष रूपान्तरण अभियान प्रभावकारी भएको निष्कर्ष

माओवादीले 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' प्रभावकारी भएको निष्कर्ष निकालेको छ। 'यो अभियान विगतका सबैभन्दा प्रभावकारी भएको छ। यो अभियानले पार्टीमा गतिशीलता ल्याएको छ। पार्टी कमिटी सक्रिय भएका छन्। र, पार्टी संरक्षणमा यसले ऐतिहासिक कोसेढुंगाको काम गरेको छ,' प्रवक्ता अग्नि सापकोटाले भने। अभियानले नेता तथा कार्यकर्ताको मूल्यांकनको आधार तयार पारेको पनि उनले बताए। 'को काम गर्न गयो, को गएन ? को कति इमानदार भएर खट्यो ? भन्ने स्पष्ट भएको छ। विस्तृत रिपोर्ट आउन बाँकी नै छ। त्यसैका आधारमा हिसाबकिताब राखिन्छ भन्ने संश्लेषण भएको छ।'

शर्माले केन्द्रीय कमिटीको बहुपदीय संरचना राख्दा एउटा पद दुईभन्दा बढी नहुने गरी राख्नुपर्ने उनको मत छ। 'बहुपदीय संरचना भएको विभिन्न पदको स्पष्ट जिम्मेवारी तोकिएको हुनुपर्ने, जस्तै महासचिव, धेरैवटा उपमहासचिव, फेरि सचिव नबनाउने। उक्त पदाधिकारी निर्वाचन प्रक्रियाबाट प्रत्यक्ष निर्वाचित हुनुपर्ने,' शर्माको प्रस्तावमा उल्लेख छ।

पोखरामा सम्पत्ति र भूमिकरको विषयमा विवाद बढ्दै

कास्कीमा **रोहितराज पराजुली**

'पोखरा महानगरमा आर्थिक वर्ष ०८०/८१ को घरजग्गा कर तिर्नुपरेका कारण पोखरा- २१ मट्टीखानको एक रोपनी जग्गा सुपथ मूल्यमा बिक्रीमा।' पोखरा उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष अर्जुन पोखरेलले बुधबार फेसबुकमा लेखेले स्टाटस हो यो। उनको स्टाटसमा पोखरा- ९ का बद्रीलक्ष्मी अधिकारीको कमेन्ट छ, 'लौ न भाइ, हाम्रो पनि वार्ड नम्बर ३१ मा कर तिर्नुपर्ने भएकाले जग्गा बिक्रीमा छ।'

पोखरा महानगरपालिकाले चालू आर्थिक वर्षदेखि वृद्धि गरेको सम्पत्ति र भूमिकरको विषयमा व्यंग्य गर्दै यी र यस्तै स्टाटसले केही दिनदेखि पोखरेलीहरूका सामाजिक सञ्जाल भरिएका छन्। कर वृद्धिको विषयलाई लिएर सर्वसाधारण मात्र होइन, दलका नेताहरूले समेत एक-अर्कालाई आक्षेप लगाउँदै सामाजिक सञ्जालमा पोस्ट गरेका छन्। अघिल्लो आव ०७९/८० को तुलनामा चालू आव ०८०/८१ मा सम्पत्ति र भूमिकर पाँच गुणासम्म बढेको छ भने व्यवसायलगायतका अन्य शीर्षकका करका दरमा समेत वृद्धि भएको छ।

महानगरले लिने करको दर राजस्व परामर्श समितिले निर्धारण गर्ने गर्छ। समितिले निर्धारण गरेको करको दर हुबहु वा संशोधन गरी कार्यपालिका हुँदै नगरसभाले पारित गरेपछि मात्र कार्यान्वयनमा आउँछ। ३३ वटा वडा रहेको पोखरामा मेयर एकीकृत समाजवादीका र उपमेयर एमालेकी छिन्। ३३ वडाध्यक्षमध्ये २३ जना कांग्रेस, नौजना एमाले र एक स्वतन्त्र रूपमा विजयी हुन्। कार्यपालिकामा मनोनीत आठजना सदस्य एमालेका छन्। वडाध्यक्षहरूसमेत स्वतः कार्यपालिका सदस्य हुन्। कार्यपालिकामा कांग्रेस र नगरसभामा एमालेको बहुमत छ।



चालू आव सुरु भएको ६ महिना बित्न लाग्यो, महानगरले पुस मसान्तभित्र तिर्नुपर्ने कर तिर्दा १० देखि २० प्रतिशत छुट दिने गरेको छ। सोहीकारण अधिकांश करदाताले पुसमा कर तिर्ने गरेका छन्। पुस सकिन लागेसँगै पोखरामा करको विषयमा विवाद बढेको छ। करका विषयमा दलहरूसमेत चुप थिए, तर जनस्तरबाट व्यापक विरोध भएपछि एकले अर्काका कारण कर बढेको आरोप लगाएका छन्। गत भदौ पहिलो साता पोखरा- १३ का वडाध्यक्ष किरण बरालले करको दर घटाउन माग गर्दै पत्रमार्फत राजस्व परामर्श समिति संयोजक गुरुङको ध्यानाकर्षण गराएका थिए।

राजस्व परामर्श समितिकी संयोजक उपमेयर मञ्जुदेवी गुरुङले जग्गाको मूल्यांकन वृद्धि, बाटो नभएको जग्गामा बाटो खोलिएको र कच्ची बाटो पिच-ढलान गर्दा केही कर बढेको बताइन्। तर, कर भने धेरै नबढेको उनको दाबी छ। आफ्नो नेतृत्वमा रहेको समितिले करको दर पेस गर्ने मात्र भएकाले कुनै भूमिका नहुने उनी बताउँछिन्। यसका लागि अब नगरसभामार्फत समिति बनाएर के गर्ने भन्ने निर्णय गर्ने उनको भनाइ छ।

पोखरा महानगरले २९ पुस (आइतबार) नगरसभाको मिति तय गरेको छ। नगरसभामा पेस गर्ने एजेन्डा तय गर्न मंगलबार कार्यपालिका बैठक बोलाइएको थियो। बैठकको एजेन्डामा करको विषय नसमेटिएपछि कांग्रेसले करको विषय एजेन्डामा राख्न मेयर धनराज आचार्यलाई आग्रह गर्दा करको विषय नथपेपछि कांग्रेसका कार्यपालिका सदस्य बैठकमा गएनन्, जसकारण बैठक बस्न सकेन। कांग्रेसबाट निर्वाचित पोखरा- १३ का अध्यक्ष बराल करको दर घटाउने विषय नसमेटिएका कारण आफूहरू बैठकमा अनुपस्थित भएको बताउँछन्। 'जबसम्म करको दर घटाउने एजेन्डा आउँदैन, तबसम्म कांग्रेस कुनै पनि बैठकमा सहभागी हुँदैन,' उनले भने।

राजस्व परामर्श समितिले पेस गरेको करको दर हुबहु कार्यपालिका हुँदै नगरसभाले पारित गरेको थियो। कार्यपालिकामा मेयर र उपमेयर छाडेर कांग्रेसका २३, एमालेका १९ र एक स्वतन्त्र सदस्य छन्। बहुमत सहस्य रहेको कांग्रेसको स्वीकृतिविना कार्यपालिकाले कुनै विषय पारित गर्न सक्ने अवस्था छैन। एमाले भने करको विषयमा मौन छ। आफ्नै पार्टीबाट निर्वाचित उपमेयर नेतृत्वको समितिले तयार गरेको करको दरको विषयमा हाल आएर विरोध गर्दा उपमेयरको विरोध गरेको देखिने भएकाले एमालेले मौन समर्थन गरेको आरोप छ। नगरसभामा बहुमतमा रहेकाले एमालेले चाहेमा कार्यपालिकाको उक्त निर्णय उल्टाउने हैसियतमा छ।

‘ब्वाइकट माल्दिभ्स’ले देखाएको भारतको अपरिपक्व कूटनीति

पाँचतारे होटेल नभएको र थोरै होटेल मात्र भएको लक्षद्वीपमा मोदीले जुन समय र सन्दर्भमा पर्यटन प्रवर्द्धन गरे, त्यसको सन्देश सीधा थिएन



● पामिर गौतम

अग्रलेख

माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुको चीन भ्रमणको केही दिनअघि मात्र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अरब सागरमा रहेको भारतीय क्षेत्र लक्षद्वीपमा विभिन्न मुद्रामा तस्बिर र भिडियो खिचाउँदै भारतीयलाई आफ्नै देशको टापु भ्रमण गर्न अपिल गरे । मोदीको सामाजिक सञ्जालमा राखिएको सो ‘पोस्ट’मा माल्दिभ्सका केही कनिष्ठ मन्त्रीहरूले आलोचना गरे । एकजनाले त मोदीलाई ‘जोकर’, ‘आतंकवादी’ र ‘इजरायलका कठपुतली’समेत भने । माल्दिभ्सका मन्त्रीहरूको टिप्पणी भारतीय मिडियामा सनसनिखेज खबर बन्यो । मोदीकेन्द्रित बन्दै गएको भारतीय राजनीतिमा मोदी र भाजपाको कृपादृष्टिमा रहन लालायित हरकोही भारतीय ‘सेलिब्रेटी’ले सामाजिक सञ्जालमार्फत माल्दिभ्स भ्रमण बहिष्कार गर्न जोडतोडसँग प्रचारबाजी गरे । चीन उड्नुअघि मुइज्जुले ती तीन ‘अकूटनीतिक’ मन्त्रीलाई बर्खास्त गर्दै तिनको टिप्पणी आधिकारिक नभएर व्यक्तिगत भएको बताएका छन् ।

सरसर्ती हेर्दा घटना सामान्य छ- आफ्नै देशको टापुमा आफ्ना जनतालाई भ्रमण गर्न आग्रह गर्दा माल्दिभ्सका मन्त्रीहरूले किन टाउको दुखाउनुपर्थ्यो र ? तर, पाँचतारे श्रेणीका एउटै होटेल नभएका र केही मुठीभर होटेल मात्र भएको लक्षद्वीपमा मोदीले जुन समय र सन्दर्भमा पर्यटनको प्रवर्द्धन गरे, त्यसले दिने सन्देश भने सीधा थिएन । भारतसँगको माल्दिभ्सको अधिक निर्भरता घटाउने र सन्तुलित र विविध परराष्ट्र नीति अवलम्बन गर्ने मुइज्जुको नीतिलाई भारतीय नीति-निर्माताले भारतविरोधी र चीनपरस्त रहेको बताउँदै आएछन् । गत वर्ष नोभेम्बरमा माल्दिभ्सका राष्ट्रपतिको पदभार ग्रहण गरेका मुइज्जुले देशमा रहेका ७५ भारतीय सैनिकको दल हटाउने र माल्दिभ्सको ‘भारत-पहिलो’ नीतिमा परिवर्तन गर्ने चुनावी वाचा गरेका थिए । मालेको विदेशनीतिलाई विविधीकरण गर्न इच्छुक मुइज्जु नयाँ साझेदारहरूको खोजीमा छन् । पहिलो विदेश भ्रमण भारत हुने प्रवृत्तिलाई पन्छाउँदै मुइज्जुले पहिलो विदेश भ्रमण टर्कीबाट सुरु गरे । भारतअघि चीन भ्रमणमा निस्केका मुइज्जुका लागि मोदीको लक्षद्वीप यात्रालाई केवल संयोग मान्न सकिँदैन । पर्यटनमा निर्भर माल्दिभ्सको अर्थतन्त्रमा भारतीय पर्यटकको ठूलो योगदान छ । एक हिसाबले यो मोदीको चेतावनी थियो । माल्दिभ्सका युवा मन्त्रीहरूले बुझेको सही हो, तर त्यस बुझाइलाई केवल सही रूपमा व्यक्त गर्न भने उनीहरू अवश्य चुकेका हुन् ।

मुइज्जुसँगको भेटघाटका क्रममा चिनियाँ राष्ट्रपति सी चिनफिंगले मुइज्जुलाई ‘पुरानो साथी’ भन्दै माल्दिभ्सको राष्ट्रिय सार्वभौमसत्ता, स्वतन्त्रता र राष्ट्रिय स्वाभिमानको रक्षा गर्न दृढतासाथ समर्थन गर्ने बताएका छन् । त्यस्तै सीसँगको वार्तामा मुइज्जुले माल्दिभ्सको आर्थिक सफलता र पूर्वाधार विकासमा चीनको महत्त्वपूर्ण भूमिकाका लागि कृतज्ञता व्यक्त गरेका थिए । हुन त चिनियाँ उद्यमीले माल्दिभ्सको पूर्वाधार परिदृश्य बलियो बनाउन, सामाजिक आवास, नवीन ऊर्जाका पहल र फोहोर व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । चीन-माल्दिभ्स मैत्री पुल, हुलहुमाले आवास परियोजना र विमानस्थल विस्तारमा चीनको सहयोग माल्दिभ्सको पूर्वाधार विकासमा प्रमाणका रूपमा रहेका छन् । सन् २०१४ मा सी चिनफिंगले अघि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभमा सामेल हुने निर्णयपछि चिनियाँ कम्पनीले माल्दिभ्समा करिब १.५ बिलियन डलर लगानी गरेका छन् ।

मुइज्जुको चीन भ्रमणका क्रममा दुई राष्ट्रप्रमुखले सार्वजनिक गरेको संयुक्त विज्ञप्तिअनुसार दुई पक्ष चीन-माल्दिभ्स सम्बन्धलाई व्यापक रणनीतिक सहयोगात्मक साझेदारीमा विस्तार गर्न, उच्चस्तरीय राजनीतिक संयन्त्रलाई थप सुदृढ गर्न, विभिन्न क्षेत्रमा दुई देशबीचको व्यावहारिक सहयोग विस्तार गर्न तथा अन्तर्राष्ट्रिय तथा बहुपक्षीय मामिलामा सहकार्यलाई सुदृढीकरण गर्न सहमत भएका छन् । त्यस्तै दुई देशले डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, ब्लु इकोनोमी, मानव संसाधन विकास, पर्यटन, आर्थिक विकास नीति, लगानी सहयोग, बेल्ट एन्ड रोड इनिसिएटिभ र आधिकारिक मिडिया नेटवर्कबीचको सहयोगलगायत विभिन्न क्षेत्रमा सहयोग विस्तार गर्न विभिन्न बीसवटा सम्झौतामा हस्ताक्षर गरे ।



चिनियाँ पक्षसँगको कुराकानीमा राष्ट्रपति मुइज्जुले चीनले माल्दिभ्सको पर्यटन बजारमा कोभिडपूर्वको समयझैं नम्बर एक स्थान पुनः हासिल गर्न आह्वान गर्दै माल्दिभ्समा चिनियाँ पर्यटकको प्रवाह र दुई देशबीचको हवाई सम्पर्कलाई तीव्र बनाउन आग्रह गरेका छन् । स्मरण रहोस्, प्रत्येक वर्ष १८ करोड चिनियाँ पर्यटक पर्यटनका लागि विदेश जाने गर्छन् भने करिब दुई करोड भारतीय मात्रै पर्यटनका लागि विदेश जाने गर्छन् ।

> बदलिँदो विश्व परिवेशमा परराष्ट्र नीति धम्की र ब्ल्याकमेलिङले होइन, असल कूटनीति र पारस्परिक सम्मानले मात्रै अघि बढाउन सकिन्छ भनेर भारतले बुझ्न जरुरी छ

मुइज्जुले माल्दिभ्सले ठूला शक्तिको संघर्षबाट आफूलाई अलग राखेर आफ्नो राष्ट्रिय हित सम्बोधन हुने गरी सबै राष्ट्रसँग समान र समदूरीको सम्बन्ध स्थापना गर्न चाहेको बताउँदै आएका छन् । तर, राष्ट्रपति मुइज्जुको नेतृत्वमा माल्दिभ्सले अघि सारेको नीतिलाई लिएर भारतीय मिडियामा विभिन्न बयानबाजीको आँधी चलेको छ । अधिकांश भारतीयमा व्याप्त ‘या त हामीसँग वा हाम्रो विरुद्ध’ भन्ने सोचले केवल एक संरक्षक मनोवृत्ति झल्काउँछ । माल्दिभ्सका अन्तर्राष्ट्रिय सम्बन्ध विशेषज्ञ मिम्राह अब्दुल गफुर यस्ता तर्कलाई न्यूनीकरणवादी दृष्टिकोण भन्छन्, जसले माल्दिभ्सको विदेश नीतिलाई सही मूल्यांकन गर्न सक्दैन । गफुरको तर्क छ, विभिन्न बयानबाजीका बाबजुद माल्दिभ्सका विभिन्न सरकारले सबैभन्दा ठूलो र शक्तिशाली छिमेकी भारतका साथै एक अपरिहार्य व्यापारिक साझेदारका रूपमा रहेको आर्थिक शक्ति चीनसँग राम्रो सम्बन्धको महत्त्वलाई निरन्तर जोड दिएका छन् । भारतले चीन समर्थकका रूपमा प्रस्तुत गरेको यामिनले आफ्नो राष्ट्रपति कार्यकालभरि औपचारिक रूपमा ‘भारत पहिलो’ भन्ने विदेश नीति पालना गरेका थिए । राष्ट्रपति भएपश्चात् उनको पहिलो विदेश भ्रमण भारतबाटै सुरु भएको थियो र उनले बारम्बार भारत माल्दिभ्सको सबैभन्दा नजिकको कूटनीतिक साझेदार भएको भनाइ दोहोऱ्याए । उनले सन् २०१६ मा भारतसँग ‘डिफेन्स एक्सन प्लान’मा पनि हस्ताक्षर गरेका थिए ।

गत डिसेम्बेरमा दुबईमा आयोजित संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन कोप- २८ को साइडलाइनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र माल्दिभ्सका राष्ट्रपति मुइज्जुले भेटघाट गरेका थिए, जसमा यी दुई नेताले दुई देशबीचको साझेदारीलाई मजबुत बनाउन एउटा कोर समूह बनाउने निर्णय गरेका थिए । राष्ट्रपति मुइज्जुले देशबाट भारतीय सैन्य उपस्थिति हटाउने आफ्नो प्रतिबद्धताका बाबजुद भारतसँगको सम्बन्धमा सम्झौता गरेर चीनतर्फ पूर्ण रूपमा झुक्ने भन्दा पनि उनको विदेश नीतिले एउटा सानो राष्ट्रको राजनीतिक, आर्थिक र सुरक्षा साझेदारीलाई विविधीकरण गर्ने इच्छा र चासो राखेको तथ्यलाई प्रतिबिम्बित गर्छ । वर्तमान विश्व राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धमा हिन्द महासागर क्षेत्रको बढ्दो महत्त्वको परिप्रेक्ष्यमा माल्दिभ्सले पनि आफ्नो भौगोलिक अवस्थितिको फाइदा उठाउन खोजेको छ । माल्दिभ्स रणनीतिक रूपमा हिन्द महासागरको त्यस स्थानमा छ, जहाँबाट दक्षिणपूर्वी एसिया र चीनलाई मध्यपूर्व र युरोपसँग जोड्ने मुख्य पूर्व-पश्चिम सिपिंग मार्ग चल्छन् । यस च्यानलमार्फत वार्षिक रूपमा अमेरिकी डलर अठार ट्रिलियनभन्दा बढीका सामान ढुवानी गरिन्छ ।

एकातर्फ विश्वको सातौं ठूलो देश र संसारकै ठूलो जनसंख्या भएको भारत र अर्कातर्फ एसियाको सबैभन्दा सानो र मात्र पाँच लाख जनसंख्या भएको माल्दिभ्स छन् । तैपनि भारतीय मिडिया माल्दिभ्सलाई खतराका रूपमा प्रस्तुत गर्न र मोदीले माल्दिभ्सलाई कसरी तह लगाए भनेर मोदीको शक्ति प्रमाणित गर्न उद्यत् छ ! भारतीय कूटनीति र प्रवृत्ति बुझ्न उप्साला विश्वविद्यालयका प्राध्यापक अशोक स्वेनका केही ट्विटले सघाउँछन् । गरिब माल्दिभ्समा भारतीय पर्यटक नगएको खण्डमा त्यहाँको अर्थतन्त्र नै तहसनहस हुने शैलीमा प्रचारबाजी गरिरहेका भारतीय सञ्चारमाध्यमले माल्दिभ्सको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (जिडिपी) भारतको भन्दा पाँच गुणा बढी रहेको तथ्य उल्लेख गर्दैनन् ! माल्दिभ्स भ्रमण गर्ने कुल पर्यटकमध्ये भारतीयको संख्या केवल एघार प्रतिशत छ भने माल्दिभ्सको पर्यटन उद्योगमा काम गर्ने ३३ हजार भारतीयले ५५ मिलियन अमेरिकी डलर रेमिट्यान्स भारत पठाउँछन् । यदि कुनै पनि देशको राहदानीको शक्तिलाई विश्वव्यापी मञ्चमा त्यस देशको कूटनीतिक मजबुती र सम्मान देखाउने मापक मान्ने हो भने सन २०२३ को हेन्ले पासपोर्ट सूचकांकमा माल्दिभ्सको राहदानी विश्वमा ५८औं स्थानमा छ भने भारतको ८०औं स्थानमा ।

माल्दिभ्सलाई ९४ देशले भिसा-फ्री पहुँच प्रदान गरेका छन् भने भारतलाई ६२ देशले मात्र भिसा-फ्री पहुँचको सुविधा दिएका छन् । चीनले माल्दिभ्समा विभिन्न पूर्वाधार विकासका परियोजनामार्फत त्यस राष्ट्रसँगको संलग्नतालाई तीव्र बनाउँदै गएको छ भने भारत यस सन्दर्भमा निकै पछाडि छ । भारतद्वारा अघि सारिएका परियोजना या त सुस्त गतिमा अघि बढेका छन् या ती खुद्रे छन् । विश्व राजनीतिको अभ्यासलाई विश्लेषण गर्दा साना राज्यले छिमेकी क्षेत्रीय शक्तिको नेतृत्वलाई सहज रूपमा स्वीकार गर्ने सन्दर्भमा दुइटा प्रमुख कारक छन्- पहिलो, जब उनीहरूले क्षेत्रीय शक्तिलाई सहायताको प्रमुख स्रोतका रूपमा हेर्छन् र दोस्रो, त्यो शक्ति राष्ट्रले उनीहरूको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैन भन्ने विश्वास गर्छन् । बदलिँदो विश्व परिवेशमा परराष्ट्र नीति खाली धम्की र ब्ल्याकमेलिङले होइन, असल कूटनीति र पारस्परिक सम्मानले मात्रै अघि बढाउन सकिन्छ भनेर भारतले बुझ्न जरुरी छ ।

---

३ प्रश्न

गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री **खगराज अधिकारी**लाई



प्रदेशलाई अधिकार दिने कानुन बनाउन राष्ट्रपतिले नै ध्यानाकर्षण गराउनुपर्ने अवस्था किन आएको होला ?

वर्तमान सरकार संघीयताप्रति कत्ति पनि प्रतिबद्ध छैन । उसले प्रदेशलाई अधिकार सम्पन्न बनाउन आवश्यक पर्ने कानुन निर्माण गर्न चासो दिएकै छैन । प्रदेशलाई अधिकारसम्पन्न बनाउन धेरै कानुन बन्नु जरुरी छ । तर, यसतर्फ महागठबन्धनमा रहेका दललाई चिन्ता र चासो दुवै छैन । यही देखेर राष्ट्रपतिले नेताहरूलाई बोलाएर ध्यानाकर्षण गराउनुभएको होला । तर, उहाँको ध्यानाकर्षणले पनि काम गर्न भने कठिन छ ।

हाम्रो संघीय नेतृत्व प्रदेशलाई बलियो बनाउन कति उदार देख्नुहुन्छ ?

पटक्कै उदार छैन । संघीय कानुन बने, अधिकार तलसम्मै विकेन्द्रित भयो र प्रदेश र स्थानीय सरकार बलिया भए भने आफू कमजोर भइने गलत बुझाइ हाम्रा नेतामा छ । आफूलाई संघीयताका सूत्रधार भन्न रुचाउने शक्ति र तिनका नेतामै यस्तो सोच हाबी भएको छ । अनि, संघको नेतृत्व गरेर बस्ने उहाँहरू प्रदेशलाई बलियो बनाउन कसरी उदार हुनुहुन्छ ?

प्रदेशलाई अधिकारसम्पन्न बनाउनमा केकस्ता अवरोधको सामना गर्नुपरिरहेको छ ?

सबैभन्दा पहिले त आवश्यक कानुन नै छैनन् । प्रदेश आफैंले आवश्यक कानुन बनाउन पाउँदैन, संघले बनाइदिँदैन । संघीय निजामती ऐन आएको छैन । संघीय शिक्षा ऐनको टुंगो छैन । प्रदेश प्रहरी ऐन बन्न सकिरहेको छैन । अनि, प्रदेशलाई बलियो बनाउन आवश्यक जनशक्ति र स्रोत साधनको पनि गम्भीर अभाव छ । संघीयता कार्यान्वयनप्रति संघीय सरकार तयार छैन । उसको भनाइ एकातिर र काम गराइ अर्कैतिर लक्षित देखिन्छ ।

प्रेरक प्रसंग

हल्लाको शक्ति !

धेरैअघि कुनै रुखमुनि एउटा गधा आराम गरिरहेको थियो । बस्दाबस्दै उसले सोच्यो यदि यो धर्ती फाट् यो भने हाम्रो के हालत होला ! अचानक नजिकै ठूलो आवाज सुनियो । आवाज सुन्नासाथ गधा ‘बचाऊ, बचाऊ’ भन्दै बेतोडले भाग्न थाल्यो ।

गधा भागेको देखेर अर्को गधाले प्रश्न गऱ्यो- ए साथी ! तिमी किन भागिरहेका छौ ? उसले आत्तिँदै भन्यो- तिमी पनि भाग, धर्ती फाट्दै छ ! उसको कुरा सुनेपछि प्रश्नकर्ता गधा पनि चिच्याउँदै भाग्यो । एकैछिनमा सयौं जनावर उनीहरूसँगै आत्तिँदै चिच्याउँदै भाग्न थाले । हेर्दाहेर्दै जंगलमा हाहाकार मच्चियो ।

यो भागदौडबारे जंगलको राजा सिंहले थाहा पायो, भागिरहेका जनावरलाई रोक्दै उसले प्रश्न गऱ्यो- होइन, तिमीहरू किन यसरी भागिरहेका छौ ? भिडको अगाडि रहेको बाँदरले हात जोडेर भन्यो- महाराज ! धर्ती फाट्दै छ । हजुर पनि आफ्नो ज्यान बचाउने भए यहाँबाट भाग्नुहोस् । सिंहले गर्जिदै प्रश्न गऱ्यो- कसले भन्यो यो सब ? सिंहको प्रश्न सुनेपछि सबै एक-अर्काको मुख ताक्न थाले । सबैले आफूले अर्काबाट सुनेको भन्दै जाँदा सुरुमा गधाले भनेको थाहा भयो ।

गधालाई सिंहको अगाडि ल्याइयो । सिंहले प्रश्न गऱ्यो- तँलाई धर्ती फाट्दै छ भन्ने कसरी थाहा भयो ? गधाले भन्यो- मैले आफ्नै कानले धर्ती फाटेको आवाज सुनेको थिएँ सरकार !

सिंहले भन्यो- त्यसो भए मलाई त्यो धर्ती फाटेको ठाउँ देखाउन हिँड् । सिंहको आदेश पाएपछि गधा अघि लाग्यो । सिंह र अन्य जनावर उसको पछि लागे । आफू पहिले बसिरहेको रुखको फेदमा पुगेपछि गधाले भन्यो- महाराज ! म यहीं थिएँ । अचानक धर्ती फाटेको आवाज आयो र धुलो पनि उड्यो । अनि म यहाँबाट भागें ।

सिंहले रुखको वरिपरि घुमेर हेऱ्यो र त्यसको कारण पत्ता लगायो अनि भन्यो- मेरा प्यारा जंगलवासीहरू हो ! यहाँ नजिकै एउटा नरिवलको अग्लो रुख रहेछ । हावा चल्दा नरिवल झरेर एउटा ठूलो ढुंगामा बजारिएछ । त्यही फुट्दा आएको आवाज र धुलो देखेर यस मूखले धर्ती फाटेको ठानेछ । यो त गधा हो, यसको बुद्धि छैन । तर, तपाईंहरू पनि कसैले ‘कागले कान लग्यो’ भन्दैमा कानै नछामी दौडिनुभयो, होइन ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पानी र रोजगारी चाहियो

काठमाडौं महानगरमा पिउने पानी र रोजगारीको अभाव हुँदै गएको छ । देशका ७७ जिल्ला र विदेशी पर्यटकसमेत बसोवास गर्ने संघीय राजधानी काठमाडौं सहरमा जनसंख्याको चाप त यसै पनि छ । यहाँ बसोवास गर्ने स्थानीयवासीले पिउने पानीको अभाव झेल्न थालेको वर्षौं भयो । मेलम्चीको सपना बाँडेरै राजधानीवासीलाई लामो प्रतीक्षा गराइयो । दशकौंको प्रतीक्षापश्चात् मेलम्ची आयो पनि, तर छोटो समयमै त्यो नराम्ररी हरायो । यहाँ एकातिर पानीको समस्या छ भने अर्कातिर बेरोजगारीको समस्या पनि चर्के छ । त्यसैले, महानगरले यी दुवै अभाव टार्ने र जनतालाई राहत दिने विषयमा समयमै सोचोस् ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

प्रदेशलाई अधिकार छिटो देऊ

यो देशमा संघीयता आवश्यक नभई ल्याइएको हो भने तत्काल खारेज गर । होइन भने प्रदेशलाई अधिकार दिएर बलियो बनाऊ । स्थानीय तहका गलतमा कामको नियमन गर । राम्रो काम गर्न प्रोत्साहित गर । तर, अनावश्यक रूपमा हस्तक्षेप गरेर ‘बोस’ बन्न नखोज । यो देशमा स्थानीय तह या प्रदेश शक्तिशाली हुँदैमा तिनले अलगै राज्य बनाउने होइन । तिनले जे गर्छन्, त्यो देशकै लागि गर्ने न हो ।

● **कल्पना कुमाल**
नेपालटार, काठमाडौं

यो लर्को कहिले रोकिन्छ सरकार ?

‘नाकामा कालापहाड जानेको लस्कर’ शीर्षकको समाचार र त्यससँगै छापिएको तस्बिरमा भारत छिर्दै गरेका नेपालीको लर्को देखियो । यसरी आफ्नो देश, आफ्नो गाउँघर र लालाबाला छाडेर अर्काको गुलामी गर्न जान आफ्ना नागरिक बाध्य भइरहेका समाचार सायद देशको नेतृत्वमा म नभए बर्बादै हुन्छ भनेर कुर्लिने नेताहरूले चाहिँ पढ्दैनन् हो ? नत्र, यिनले किन यो लर्कोलाई यतै रोकेर देशको बाँझो जमिन हराभरा बनाउनेदेखि सबैतिर सम्भावना देखाउन सक्दैनन् ?

● **सुमन परियार**
कोहलपुर-४, बाँके

के यो देश नेताहरूको मात्र हो ?

अहिलेको परिवेशमा देश नेताहरूको मात्र हो भन्ने देखिएको छ । नेताले जे गरे पनि ठीक भन्नु र मान्नुपर्ने देखिएको छ । राष्ट्रिय सभा केका लागि कुन उद्देश्यले व्यवस्था गरिएको हो ? प्रतिनिधिसभामा हारेका नेतालाई राख्नका लागि हो ? जसले प्रतिनिधिसभामा मौका पाउँदा पनि जित्न सक्दैन, उसैलाई राष्ट्रिय सभामा पठाउनुपर्ने हो ? उनीहरू योग्य भएको भए जनताले नै जिताएर पठाउँथे, होइन र ? के राष्ट्रिय सभा भनेको जनताले तिरेको करबाट हरूवा नेता पाल्ने र पोस्ने मञ्च हो । नेताहरूले गरेका गलत निर्णय जनताले मान्नैपर्ने हो भने यो देशमा लोकतान्त्रिक गणतन्त्र आएको कसरी मान्ने ? देश बनाउँछु भन्ने नेतालाई आफैं बन्न भ्याई-नभ्याई छ भने देश कहिले बनाउनु ?

देशमा राजनीतिक स्थिरता ल्याउने हो भने समानुपातिक निर्वाचन प्रणाली हटाउनुपर्छ । अहिले देखिएको परिवेशमा समानुपातिक निर्वाचन प्रणाली भनेको जनताले नरुचाएका नेताका अफन्तलाई सांसद बनाउने एउटा भन्याङ मात्र हो भन्दा केही फरक पर्दैन ।

हिजो संविधान लेखनका वेला सबैको प्रतिनिधित्व होस् भनेर समानुपातिक प्रणाली आवश्यक थियो, अबचाहिँ केका लागि चाहियो यो प्रणाली ? सांसद र मन्त्री धेरै बनाएर देशले पाल्न सक्छ ? जनतालाई करमाथि कर थोपर्ने अनि नेतालाई चाहिँ सुविधामाथि सुविधा बढाउने गरेर त कहिलेसम्म चल्ला र ? नेतालाई मात्र लाभ हुने जनतालाई घात हुने काम कसैबाट पनि हुनहुँदैन ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सोमालिल्यान्ड : इथियोपिया-सोमालिया द्वन्द्वको कारण

इथियोपिया–सोमालिल्यान्डबीचको सम्झौताले पहिल्यैदेखि अशान्त यस क्षेत्रमा नयाँ तनाव सुरु भएको छ

देश / विदेश

सोमालियाले आफ्नो स्वशासित भूमि सोमालिल्यान्डलाई राजनीतिक पहिचान दिने गरी इथियोपियाले बन्दरगाह निर्माण गर्न गरेको सम्झौता रोक्न युद्धमा जानसमेत तयार रहेको चेतावनी दिएको छ । सोमालियाली राष्ट्रपतिका वरिष्ठ सल्लाहकारले यस्तो चेतावनी दिएका हुन् । गत १ जनवरीमा भूपरिवेष्टित मुलुक इथियोपियाले सोमालिल्यान्डको तटमा नौसेनाको आधार विकास गर्न दिने विषयमा एक समझदारी पत्रमा हस्ताक्षर गरेको थियो । सम्झौतालगत्तै विश्वको सबैभन्दा अस्थिरमध्येको एक मानिने हर्न अफ अफ्रिका तरंगित भएको छ । सोमालिल्यान्ड तीन दशकअघि सोमालियाबाट एकल रूपमा अलग भएको घोषणा गरेको स्वशासित भूमि भए पनि सोमालियाले सोमालिल्यान्डलाई आफ्नो अभिन्न मान्दै आएको छ । सोमालियाका राष्ट्रपति हसन शेख मोहमुदले देशवासीलाई ‘मातृभूमिको रक्षाका लागि तयार रहन’ आह्वान गरेका थिए । सम्झौतापछि राजधानी मोगादिसुमा इथियोपियाको विरोधमा कैयौं जुलुस निक्लिसके । ‘हामी उपलब्ध सम्पूर्ण कूटनीतिक बाटो पछ्याउँदै छौं । इथियोपिया होसमा आउला भन्ने हाम्रो आशा छ । तर, अबी अहमद साँच्चै युद्ध चाहन्छन् भने हामी युद्धका लागि पनि तयार छौं,’ राष्ट्रपति मोहमुदका वरिष्ठ सल्लाहकारले इथियोपियाका प्रधानमन्त्री अबी अहमदलाई उल्लेख गर्दै चेतावनी दिए ।

विगतमा पनि इथियोपियाले मोगादिसुमा प्रभावशाली रहेका उग्र इस्लामिक समूह अल-सबाबलाई हटाउन भन्दै सोमालियाको सीमाभित्र सैन्य अभियान चलाएको थियो । तर, त्यस अभियानले अल-सबाब विद्रोहीलाई थप विस्तार गर्न प्रेरित गऱ्यो । आज अल-सबाबलाई परास्त गर्न सोमालियामा अफ्रिकी संघको शान्ति सेना तैनाथ छ, जसमा सबैभन्दा धेरै फौज इथियोपियाका छन् । सोमालिल्यान्ड सन् १९६० सम्म बेलायतको उपनिवेश थियो भने सोमालिया इटलीको कब्जामा थियो । बेलायतको शासनबाट मुक्त भएको पाँच दिनपछि सो हिस्सा स्वेच्छिक रूपमा सोमालियामा समाहित भयो । तथापि सोमालियामा सोभियत समर्थित सैन्य शासन सुरु भएपछि यस भेगमा केन्द्रविरुद्ध विद्रोह उठ्यो । झन्डै एक दशक लामो गृहयुद्धपछि सन् १९९१ मा सोमालिल्यान्डले सोमालियाबाट अलग भएको घोषणा गऱ्यो ।

आज, सोमालिल्यान्ड व्यवहारमा एक स्वतन्त्र देशजस्तै छ । यसको आफ्नै मुद्रा, एक संसद् र विदेशी कूटनीतिक मिसनहरू छन् । सोमालिल्यान्डले स्वतन्त्र प्रशासन र राजनीतिक अभ्यास गरिरहँदा पछिल्ला दुई दशकदेखि सोमालिया भने अल-कायदा आबद्ध अल-सबाबविरुद्ध लडिरहेको छ । यस द्वन्द्वले सोमालिया विश्वको सबैभन्दा असुरक्षित देशमा परिणत भएको छ । उता यस धार्मिक अतिवादबाट अछुतो रहेको सोमालिल्यान्ड अपेक्षाकृत शान्त छ । तथापि पछिल्लो समय सोमालिल्यान्ड र सोमालियाका फौज तिनको पकड क्षेत्र रहेको अन्तिम स्थानमा भिड्न थालेका छन् ।

सोमालिल्यान्डलाई स्वतन्त्र देशका रूपमा अहिलेसम्म कुनै पनि देशले मान्यता दिएको छैन । अफ्रिकी देशहरूले उसको स्वतन्त्रतालाई मान्यता नदिएसम्म पश्चिमी सरकार मान्यता दिने पक्षमा छैनन् । हिजो उपनिवेशवादी शक्तिबाट विरासतका रूपमा हासिल भएका वर्तमान सीमारेखा पुनः सीमांकन नगर्ने अफ्रिकी संघको लामो नीतिका कारण अफ्रिकी नेताहरू यसमा हच्किएका छन् । स्वतन्त्र राष्ट्रको हैसियतविना सोमालिल्यान्डले आवश्यक लगानी र अन्तर्राष्ट्रिय सहायता भित्र्याउन सकिरहेको छैन । एक अन्तर्वार्तामा सोमालिल्यान्डका विदेशमन्त्री एसा कायिदले इथियोपियासँगको बन्दरगाह सम्झौताले उनको देशको ‘आत्म-निर्णयलाई वैध बनाउने’ बताउँदै अन्य देशलाई पनि मान्यता दिन प्रेरित गर्न सक्ने बताए । ‘सुरुदेखि नै हामी अन्तर्राष्ट्रिय मान्यताका लागि लडिरहेका छौं । र, यो हामीले सोमालिल्यान्डका जनतालाई दिन सक्ने सबैभन्दा महत्त्वपूर्ण कुरा हो,’ उनले भने । सोमालिल्यान्ड र इथियोपियाबीचको सम्झौतालाई लिएर धेरै अन्योल छ । दुवै पक्षले सम्झौताको पूर्ण पाठ सार्वजनिक गरेका छैनन् । सम्झौतापछि बोल्ने क्रममा सोमालिल्यान्डका



राष्ट्रपति मुस बिही अब्दीले इथियोपियाले उनको देशको समुद्री तटको एक हिस्सा ५० वर्ष लिजमा लिने र त्यसको बदलामा सोमालिल्यान्डको स्वतन्त्रतालाई औपचारिक मान्यता दिन सहमति जनाएको बताएका थिए । इथियोपियाले लिजमा लिएको हिस्सालाई ‘नौसैनिक’ र ‘व्यावसायिक’ उद्देश्यका लागि विकास गर्ने पनि उनले बताएका थिए । तर, इथियोपियाले भने आफूले ‘सोमालिल्यान्डको स्वतन्त्र हैसियतबारे मूल्यांकन गर्न’ मात्र सहमति जनाएको बताएको छ । सम्झौताबारे जानकार एक पश्चिमी कूटनीतिज्ञले त्यसलाई ‘असमझदारी पत्र’को संज्ञा दिए । उता कायिद भने इथियोपियाले सोमालिल्यान्डलाई मान्यता दिने प्रतिबद्धतापछि नै सम्झौता भएको बताउँछन् । सम्झौतामा पुग्नुअघि आफूहरूबीच ‘वर्षौंसम्म’ छलफल चलेको खुलाउँदै कायिदले भने, ‘हाम्रो देशको स्वतन्त्रताको मान्यताविना सम्झौता अघि बढ्नेछैन । भूपरिवेष्टित इथियोपियालाई समुद्री पहुँच चाहिन्छ । एकअर्काका आवश्यकता पूरा गर्ने सर्तमा मात्र सम्झौता भएको हो ।

सन् १९९३ मा इथियोपियाको पूर्वी हिस्सा इरिट्रिया स्वतन्त्र भएपछि समुद्रसँगको पहुँच बन्द हुँदै विश्वको सबैभन्दा ठूलो भूपरिवेष्टित देश बनेको थियो । गत अक्टोबरमा इथियोपियाका प्रधानमन्त्री अबी अहमदले इरिट्रियाको विभाजनलाई ऐतिहासिक गल्ती बताउँदा इरिट्रियासँग पुनः युद्धको त्रास उत्पन्न भएको थियो । ‘सन् २०३० मा हाम्रो देशको जनसंख्या १५ करोड पुग्ने अनुमान गरिएको छ । र, यति ठूलो जनसंख्यालाई भौगोलिक कारगारमा राख्न सकिँदैन,’ अबीले भनेका थिए ।

सोमालियाले युद्धको धम्की दिए पनि इथियोपियासँग युद्धमा जाने सम्भावना कम भएको अन्तर्राष्ट्रिय सम्बन्धका जानकार बताउँछन् । विशेषतः अहिले अल-सबाबसँगको युद्धमा फसेकाले उसलाई अर्को मोर्चामा युद्ध खोल्न कठिन हुने इन्टरनेसनल क्राइसिस ग्रुपका ‘हर्न अफ अफ्रिका’ क्षेत्रका निर्देशक एलन बोसवेललले भने । तथापि इथियोपिया-सोमालिल्यान्डबीचको सम्झौताले पहिल्यैदेखि अशान्त यस क्षेत्रमा नयाँ तनाव सुरु भएको छ । सोमालियाका राष्ट्रपतिले सम्झौतालगत्तै इरिट्रियाको भ्रमण गरे । अहिले उनी इजिप्ट भ्रमणको तयारीमा छन् । ती दुई मुलुक इथियोपियाका मुख्य क्षेत्रीय प्रतिद्वन्द्वी हुन् र दुवैले बन्दरगाह सम्झौतापछि सोमालियालाई समर्थन जनाएका छन् । ‘अबीले उनको देशलाई बन्दरगाह दिलाउने कुरालाई आफ्नो विरासतका रूपमा हेरेका छन् ।

- द गार्जियनबाट

अवसर गुमाइरहेका छन् मलेसियाली प्रधानमन्त्री इब्राहिम

दक्षिण-पूर्वी एसियाली राजनीतिमा सबैभन्दा रहस्यमय व्यक्तित्व अनवर इब्राहिमले अहिले मलेसियाको प्रधानमन्त्रीको रूपमा एक वर्षभन्दा बढी समयदेखि सेवा गरिरहेका छन्। त्यो देशको कमजोर राजनीतिमा सत्तामा बस्नु एउटा उपलब्धि हो। हालैका वर्षमा मलेसियाका राजनीतिक दल विभाजित छन् र प्रधानमन्त्रीहरू आउने र जाने क्रम जारी छ। ७६ वर्षीय अनवरले आफ्नो सत्तारुढ गठबन्धनलाई सुदृढ पार्ने काममा आफ्नो ध्यान केन्द्रित गरेका छन्। तैपनि सत्तामा उनको असाधारण बाटोमा उब्जिएका दुई प्रश्नहरू (जसमा राजनीतिक रूपमा प्रेरित अभियोगमा वर्षौं जेल समावेश छ) अहिले झन् महत्त्वपूर्ण छन्। उनी केका लागि खडा हुन्छन् ? अनि शक्तिमा पुगेपछि उनले के गर्छन् ?

यदि अनवर प्रखर बोल्थे र उनको बोलीमा एकरूप हुन्थ्यो भने जवाफ स्पष्ट हुन्थ्यो। सुधार उनको करिअरको अधिकांश समय उनको प्रतीक चिह्न बनेको छ। उनले मलेसियाका संस्थाहरूलाई अझ प्रजातान्त्रिक र राजनीतिक हस्तक्षेपको जोखिम घटाउन आधुनिकीकरण गर्नुपर्ने तर्क गरे। उनले पैसा र राजनीतिको नराम्रो सम्बन्ध तोड्ने वाचा गरे। उनले निष्पक्ष तर अधिक उत्पादनशील अर्थतन्त्रको वाचा गरे।

अनवरले नेतृत्व गरेको प्रमुख राजनीतिक समूह पाकटन हरापान (पिएच) वा आशाको गठबन्धन पनि ती उद्देश्यमा खासै प्रतिबद्ध छैन। सहरी जातीय-चिनियाँ र भारतीय अल्पसंख्यक साथै उदार मलायहरूको समर्थन प्राप्त यो गठबन्धन सुधारवादी र बहुजातीय छ। यसले जातीय-मले र बहुसंख्यक मुस्लिमबाट दशकौंसम्म फाइदा लुट्ने जातीय राजनीतिको विरोध गर्छ।

तर, पदमा रहेका अनवर अझै गम्भीर नीतिमा लागेका छैनन्। यसको सट्टा केही स्वीकार्य प्रभावशाली परिणामका साथ उनी धेरै हदसम्म आन्तरिक राजनीतिमा केन्द्रित छन्। नोभेम्बर २०२२ मा सम्पन्न चुनावबाट बनेको त्रिशंकु संसद्मा अनवरको आफ्नै पार्टीको भन्दा पनि ध्रुवीकरण गर्ने इस्लामिक पार्टीको सबैभन्दा बढी सिट थियो। जे होस् अनवरले पाकटन हरापानबाहिर रहेका दललाई रोकेर र सरकार गठनका लागि सहयोग गर्न मनाएर सत्तामा पुग्ने असम्भव बाटोमा हिँडे। अन्य दलहरू उनको 'एकता' सरकारमा सामेल भइरहेका छन्, जसले अब संसद्को शक्तिशाली दुईतिहाइको कमान्ड गरेको छ।

डिसेम्बर १२ मा अनवरले पहिलोपटक आफ्नो मन्त्रिपरिषद् फेरबदल गरे, जुन कदम उनको बढेको शक्ति संकेत गर्ने उद्देश्यले थियो। यातायातमन्त्री र अनवरका सहयोगी एन्थोनी लोक तर्क गर्छन् कि 'संसद्मा यस्तो बलियो स्थितिको साथ, हामीले शासनमा ध्यान केन्द्रित गर्न सक्षम हुनुपर्छ, प्रमुख नीतिहरूमा संक्रमण र अर्थतन्त्रको विकासमा केन्द्रित हुनुपर्छ।'



तस्बिरः एपी

> मलेसियालीको एउटा ठूलो समूहले सत्तामा पुऱ्याए पनि अनवरले ध्रुवीकृत समाजमा सहिष्णुता बढाउन न्यून काम गरेका छन्। उनले मलाय अन्धविश्वास र धार्मिकतालाई प्रश्रय दिइरहेका छन्।

अनवरको आफ्नो गठबन्धन विस्तार गर्ने प्रयासले उनलाई नराम्रो सम्झौतामा धकेल्यो। एकता सरकारको प्रमुख समर्थक युनाइटेड मलायज नेसनल अर्गनाइजेसन (युएमएनओ) को अवशेष हो, जसले सन् २०१८ मा उसले नेतृत्व गरेको गठबन्धन बारिसन नेसनलको भंग हुनुअघिसम्म स्वतन्त्रतापछिको राजनीतिमा प्रभुत्व जमायो। अनवरले बारिसनको पतनमा भूमिका खेले। आज यसका प्रमुख अहमद जाहिद हमिदी उनको सरकारका उपप्रधानमन्त्री छन्। जाहिदले विश्वासको उल्लंघन, भ्रष्टाचार र पैसा शुद्धीकरणलगायत दर्जनौं आरोपहरू सामना गरे (जसलाई उनले अस्वीकार गर्दै आएका छन्)। सरकारले मुद्दाअघि नबढाउने निर्णय गरेपछि सेप्टेम्बरमा उच्च अदालतले उनलाई रिहा गरेको थियो।

प्रधानमन्त्री अनवरले बारिसनलाई आलिंगन गर्नु (जुन कमजोर मलेसियाली राजनीतिको प्रतीक हो) भनेको सुधारवादीका पूर्वसमर्थकलाई निराश पार्ने एक मात्र चिज होइन। अदालतहरू राजनीतिक हस्तक्षेपको जोखिममा रहन्छन्। धेरै शक्ति प्रधानमन्त्रीको कार्यालयमा केन्द्रित छ (अनवरले अर्थ मन्त्रालय पनि सम्हालेका छन्)। पैसा शुद्धीकरणमा निकै आवश्यक कानुन अघि बढेको छैन।

दक्षिण-पूर्वी एसियाका विद्वान् ब्रिजेट वेल्सका अनुसार मलेसियालीहरूको एउटा ठूलो समूहले उनलाई सत्तामा पुऱ्याए पनि अनवरले ध्रुवीकृत समाजमा सहिष्णुता बढाउन धेरै न्यून काम गरेका छन्। वास्तवमा एक युवा इस्लामिक आन्दोलनकारीको रूपमा आफ्नो राजनीतिक करिअर सुरु गरेका अनवरले मलाय अन्धविश्वास र धार्मिकतालाई बढ्दो सन्तुष्टि दिइरहेका छन्। अनवरका समर्थक भन्छन् कि मलेसियाका संस्थानहरू पुनर्निर्माण गर्ने उनको इच्छा अझै घटेको छैन। तर, उनको गठबन्धनको प्रकृतिले अहिलेको लागि गम्भीर प्रगतिलाई रोकेको छ।

गठबन्धन सरकारको समर्थन उल्लेखनीय देखिए पनि सुधारविरोधी युनाइटेड मलायज नेसनल अर्गनाइजेसन (युएमएनओ) गठबन्धनबाट बाहिर गयो भने सरकार कमजोर हुनेछ। अन्य दलहरू पनि सरकारबाट बाहिरन सक्छन्। अर्को चुनावमा हरापानलाई बहुमत दिलाउँन राजनीतिक अवरोधबीच सभ्य रूपमा शासन गर्ने उनको उत्तम रणनीति रहेको उनका समर्थक बताउँछन्। त्यसपछि गम्भीर सुधार सुरु हुन सक्छ। यसबीचमा अनवरले विदेशी लगानी आकर्षित गर्नेजस्ता काम गर्न सक्छन्।

तर, ०२७ सम्म निर्वाचन हुनेछैन। अनवरको सुधारको स्पष्ट त्यागको लागत छ। यसले मलेसियालीहरूको राजनीतिप्रति बढ्दो मोहभंगलाई बलियो बनाउँदै छ। अनि कसरी हुन सकेन ? तिनीहरूको लामो-प्रतिज्ञा गरिएको परिवर्तनको विजेता अहिले यसका लागि बाधाजस्तो देखिन्छ।

- द इकोनोमिस्टबाट

कोभिड-१९ को जोखिम निरन्तर बढ्यो : डब्लुएचओ

न्युयोर्क/ विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले कोभिड- १९ को जोखिम निरन्तर ढंगले विश्वव्यापी रूपमा बढेको जनाएको छ। डब्ल्युएचओका एक वरिष्ठ विज्ञले कोभिड- १९ को संक्रमण विश्वभर फैलिँदै गएकाले जनस्वास्थ्य जोखिम विश्वव्यापी रूपमा उच्च रहेको बताएका हुन्। कोभिड-१९ को पुष्टि गरिएका घटना सार्वजनिक भएभन्दा दुईदेखि १९ गुणा बढी भएको महामारी तथा संक्रमण रोकथामका लागि जिम्मेवार विश्व स्वास्थ्य संगठनका अन्तरिम निर्देशक मारिया भान केरखोभले बताए। कोभिड सम्बन्धित मृत्युमा ठूलो कमी आएको भए पनि ५० देशबाट अझै पनि प्रतिमहिना करिब १० हजारको मृत्यु हुने गरेको रिपोर्ट छ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction (DUDBC)
Regional Urban Development Project (RUDP)
Strengthening Systems to Project and Uplift Women Project (SSPUWP)

Notice for Price Bid Opening

Date of Publication: 2080/09/29 (14 January 2024)

This is to notify to all the bidders who have submitted Technical and Price Bids for the following contracts as per following notices. Of all the received Technical and Price Bids, the Technical Bids of following Bidders succeeded Qualification Criterias and found to be substantially responsive. So, in accordance with the rule 31(Ja 5) of Public Procurement Rules, 2064: following bidders are invited in Price Bid Opening at 11:00 AM of 2080/10/07 (21 January 2024) at RUDP (PCO), SSPUWP (PIU-4), Babarmahal, Kathmandu.

Contract No./ Name of Work	Substantially Responsive Bidders in Technical Bid Evaluation
SSPUWP/Works/WCSCSC/Madhesh/CW-05, Construction of one Women Children and Senior Citizens Service Center in each of Saptari, Mahottari, Bara and Parsa districts of Madhesh Pradesh	1. M/S Napal Adarsha Nirman Company Pvt. Ltd., Kuleshwor, Kathmandu
SSPUWP/Works/WCSCSC/Lumbini/CW-07, Construction of One Women Children and Senior Citizens Service Centre in each of Palpa, Nawalpari and Rupandehi districts of Lumbini Pradesh	1. M/S Rabina/ Gorakhnath JV, Kathmandu 2. M/S Gyan Jyoti Builder Pvt. Ltd., Kattike Deurali, Kavre

RAJAPUR MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
RAJAPUR, BARDIYA
Lumbini Province, Nepal

Invitation for bids

Invitation for bids for the procurement of following project

First date of bid publication: 2080/09/29

1. Rajapur Municipality Office of Municipal Executive, Bardiya invites National Competitive Bidding (NCB) as well as Sealed Quotation from registered contractors for the construction of the following works.
2. For the Submission of Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.

Bank Name : **Nepal Bank Limited Rajapur Branch Bardiya**
Account Holders name : **Rajapur Municipality, Bardiya**
Account No : **02803000003000000001 (Dharauti account) for the bid Security cost.**
Account No : **02803000001001000001 (revenue account) for the bid document cost.**
Rajaswa Sirsak No : **14219**

3. Bidder must submit their bids electronically only.
4. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

1. Table

S. N.	Contract ID.	Contract name	Estimated Amount including VAT and PS	Bid Document Cost(NRs.)	Bid Security Amount (NRs.)	Last Date of Bid Submission/ Opening	Bid Securit y Validity Date
1.	15/RM/SQ /W/2080/08 1	Lalita Ma.Vi. Prabidhik Bhawan Nirman yojana Ward No 8.	1931317.04	1000.00	48500.00	Bid Submission Date: **2080/10/*15*** 12:00 Noon. Bid Opening Date: **2080/10/15**, 13:00 pm	75 days from the last date of bid submiss ion.
2	16/RM/SQ /W/2080/08 1	Ward No 8 Bhari Prabidhik shikshyalaya ko Prakhal Nirman yojana	1743591.25	1000.00	44000.00	Bid Submission Date: **2080/10/*15*** 12:00 Noon. Bid Opening Date: **2080/10/15**, 13:00 pm	75 days from the last date of bid submiss ion.
3	17/RM/NCB /W/2080/08 1	Construction of and incomplete school Building at shree Ne.ra. ma.vi. Nayagaun ward no-2	5382690.11	3000.00	135000.00	Bid Submission Date: **2080/11/*01*** 12:00 Noon. Bid Opening Date: **2080/11/01**, 13:00 pm	120 days from the last date of bid submiss ion.
4	18/RM/NCB /W/2080/08 1	Ward No-1 Daulatpur Swasthya Bhawan Nirman Rajapur Nagarpalika ward No-1	5394249.07	3000.00	135000.00	Bid Submission Date: **2080/11/*01*** 12:00 Noon. Bid Opening Date: **2080/11/01**, 13:00 pm	120 days from the last date of bid submiss ion.

Note: For further information please visit PPMO website www.bolpatra.gov.np/egp. or www.rajapurmun.gov.np

Chief Administrative Officer

INTEREST RATE
Effective From 2080/10/01

SAVING DEPOSIT

S.N.	PRODUCT	INTEREST RATE (PER ANNUM)	PAYMENT ON	MINIMUM BALANCE
1	Normal Saving	4.00%	Quarterly Basis	Rs. 500
2	Muktinath Premium Bachat	4.00%	Quarterly Basis	Rs. 1,000
3	Muktinath Super Premium Bachat	4.00%	QuarterlyBasis	Rs. 5,000
4	Provident Fund Account	4.00%	Quarterly Basis	-
5	Mahila Pewa Bachat	4.00%	Quarterly Basis	Rs. 500
6	Sunaulo Bal Shikshya Bachat	4.00%	Quarterly Basis	-
7	Baidesik Rojgar Bachat	4.00%	Quarterly Basis	Rs. 500
8	Karmachari Bachat Khata	4.00%	Quarterly Basis	-
9	Muktinath Karmachari Surakshya Bachat Khata	5.00%	Quarterly Basis	Rs. 1,000
10	Beema Bachat	4.00%	Quarterly Basis	Rs. 100
11	Samajik Surakshya Bhatta Khata	4.00%	Quarterly Basis	-
12	Aatmanirbhar Bachat Khata	4.00%	Quarterly Basis	-
13	Sajilo Bachat	4.00%	Quarterly Basis	-
14	Mero Pahilo Bachat Khata	4.00%	Quarterly Basis	-
15	Jeevan Baradan Khata	4.00%	Monthly Basis	Rs. 5,000
16	Byaktigat Upalabdhi Khata	4.00%	Quarterly Basis	-
17	Muktinath PMS Khata	4.00%	Quarterly Basis	-
18	Muktinath Sambriddhi Bachat Khata	4.00%	Monthly Basis	Rs. 100
19	Micro Personal Saving	4.00%	Quarterly Basis	Rs. 100
20	Other Micro Savings	4.00%	Quarterly Basis	Rs. 100
21	Muktinath Krishak Bachat Khata	4.35%	Monthly Basis	Rs. 100
22	Muktinath Myadi Bachat Khata	5.00%	Quarterly Basis	-
23	Sharedhani Bachat Khata	5.00%	Quarterly Basis	Rs. 100
24	Muktinath Sarvotkrishta Bachat Khata	5.50%	Monthly Basis	Rs. 10,000
25	Muktinath Aashirwad Bachat (Gold)	6.00%	Quarterly Basis	Rs. 50,000
26	Muktinath Aashirwad Bachat (Platinum)	6.00%	Quarterly Basis	Rs. 1,00,000
27	FCY Deposit ($, £, €, and AUD)*	Up to 3.50%	Quarterly Basis	10

CALL/ CURRENT DEPOSIT

S.N.	PRODUCT	INTEREST RATE (PER ANNUM)	PAYMENT ON	MINIMUM BALANCE
1	Current Account	-	-	Rs. 5,000
2	Call Deposit Account	Up to 2.00%	Quarterly Basis	-
3	Sansthagat Upalabdhi Khata		Quarterly Basis	-

FIXED DEPOSIT

S.N.	PRODUCT	INTEREST RATE (PER ANNUM)	PAYMENT ON	MINIMUM BALANCE
a.	Individual			
1	3 Months	8.00%	Quarterly Basis*	Rs. 5,000
2	6 Months	8.20%		
3	9 Months to below 1 Year	8.40%		
4	1 Year to 2 Years	8.80%		
5	Above 2 Years to 10 Years	9.00%		
6	Muktinath Pension Scheme	9.00%		
7	Recurring Deposit (up to 5 Years Only)	9.00%		Rs. 50
8	Akshaya Kosh	Negotiable	Quarterly Basis	Min. Rs. 500 to Max. Rs. 20,000
b.	Institutional*			
1	6 Months	6.20%	Quarterly Basis*	Rs. 5,000
2	9 Months to below 1 Year	6.50%		
3	1 Year to 2 Years	6.80%		
4	Above 2 Years to 10 Years	7.00%		

*Note:
1. Additional 0.50% interest rate can be provided for institutional FD (on bidding basis only).
2. Monthly Interest on fixed deposit shall be paid as per the banks' decision.
3. 1.00% additional Interest Rate shall be provided to remittance deposit (on both Saving deposit and Fixed deposit). However, the tenure of the Remittance FD will be up to 2 years only.

LOAN & ADVANCE

A. Loan with Floating Interest Rates Per Annum:

S.N.	Loan and Advance Products	Floating Interest Band
1	Business Loan	Base Rate + Premium up to 4.50%
2	Agriculture Loan	Base Rate + Premium up to 2.00%
3	Home Loan (new construction & purchase)	Base Rate + Premium up to 4.50%
4	Auto Loan	Base Rate + Premium up to 4.50%
5	Hire Purchase Loan(new)	Base Rate + Premium up to 4.50%
6	Real Estate Loan	Base Rate + Premium up to 4.50%
7	Personal Loan	Base Rate + Premium up to 4.50%
8	Share Loan	Base Rate + Premium up to 4.50%
9	Mortgage Loan	Base Rate + Premium up to 4.50%
10	Professional Loan	Base Rate + Premium up to 4.50%
11	Muktinath Sulav Byawasaya Karja	Base Rate + Premium up to 4.50%
12	Consumer Loan	Base Rate + Premium up to 4.50%
13	Gold Loan	Base Rate + Premium up to 4.50%
14	Other Loans	Base Rate + Premium up to 4.50%
15	All Small & Micro Credit Products	Base Rate + Premium up to 5.50%
16	Wholesale Loan to MFIs	Base Rate + Premium up to 2.00%
17	Wholesale Loan others	Base Rate + Premium up to 4.50%
18	Loan Against Fixed Deposit (up-to 90.00%)	Coupon rate plus 2.00% or base rate

B. Fixed Interest Rates for Term Loan of Individual above 1 year:

B.1 For Normal Individual Term Loan:		Interest Rate Per Annum	
S.N.	Time Period	Minimum Rate	Maximum Rate
1	Up to 5 Years	Base Rate of immediate previous month	Up to 16.00%
2	More than 5 Years up to 10 Years		Up to 16.25%
3	More than 10 Years		Up to 16.50%
B.2 For Inclusive Banking Individual Term Loan:		Base Rate of immediate previous month	Up to 17.00%
Base Rate of Mangsir, 2080		10.90%	
3 Months' Average Base Rate for Mangsir, 2080		11.25%	

C. Other Information:
i. The fixed interest rate for individual term loan of above 1 year shall remain unchanged for the entire tenure of the loan.
ii. The fixed interest rate on loans and advances shall be fixed based on internal assessment of the bank.
iii. Interest rate applicable on force loan may vary with risk premium from the published rate.
iv. Interest rate in consortium financing shall be as decided by the consortium.
v. Penal interest of plus 2.00% per annum will be applied on overdue amount.
vi. Bank shall comply applicable NRB circular/regulation while determining interest rate on Loan Products.

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २९ पुस ०८०

● बैंक तथा वित्तीय संस्थाका सेयरधनीलाई लाभांश प्रस्ताव

बोनसभन्दा नगदमा जोड

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत अधिकांश कम्पनीहरूले अघिल्लो आर्थिक वर्ष ०७९/८० को मुनाफाबाट लगानीकर्तालाई प्रतिफल दिन थालेका छन्। अधिकांशले बोनस सेयरभन्दा पनि नगद लाभांशमै जोड दिएका छन्।

हालसम्म नेप्सेमा सूचीकृत वाणिज्य बैंक समूहअन्तर्गत १९ बैंकमध्ये हालसम्म १२ ले लाभांश प्रस्ताव गरेका छन्। तीमध्ये एनआइसी एसिया बैंक, सानिमा बैंक, एभरेष्ट बैंक र माछापुच्छ्रे बैंकका सेयर नेप्सेमा सूचीकृत भइसकेका छन्। अघिल्लो वर्षको मुनाफाबाट सर्वाधिक लाभांश प्रस्ताव गर्नेमा एनआइसी एसिया बैंक रहेको छ। बैंकले २९ प्रतिशत बोनस सेयर र एक दशमलव ५२ प्रतिशत नगद गरी ३० प्रतिशत लाभांश दिएको हो। बैंकले आर्थिक वर्ष ०७७/७८ मा लाभांश दिएको थिएन। त्यस्तै, एभरेष्ट बैंकले १० प्रतिशत बोनस सेयर र १० दशमलव ५३ प्रतिशत नगद र माछापुच्छ्रेले १३ प्रतिशत बोनस र शून्य दशमलव ७ प्रतिशत नगद लाभांश दिएको हो।

त्यस्तै, विकास बैंक समूहअन्तर्गत नेप्सेमा सूचीकृत १६ बैंकमध्ये सातले लाभांश प्रस्ताव गरेका छन्। सर्वाधिक लाभांश प्रस्ताव गर्नेमा साइन रेसुंगा डेभलपमेन्ट बैंकको १० दशमलव ५ प्रतिशत बोनस र शून्य दशमलव ५५ प्रतिशत नगद लाभांश प्रस्ताव रहेको छ। त्यस्तै, गरिमा विकास बैंकले ९ दशमलव ५ प्रतिशत बोनस र शून्य ५ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको हो।

फाइनान्स समूहमा सूचीकृत १५ कम्पनीमध्ये अघिल्लो वर्षको मुनाफाबाट लगानीकर्तालाई हालसम्म तीनवटा कम्पनीले मात्र लाभांश प्रस्ताव गरेका छन्। लाभांश प्रस्ताव गर्नेमा श्री इन्भेस्टमेन्ट फाइनान्स, आइसिएफसी फाइनान्स र मन्जुश्री फाइनान्स रहेका छन्। यी सबै कम्पनीले लाभांश मात्र दिएका छन्। नगद लाभांश सबैभन्दा धेरै आइसिएफसी फाइनान्सले ६ दशमलव ५ प्रतिशत प्रस्ताव गरेको छ।

माइक्रो फाइनान्स समूहका नेप्सेमा सूचीकृत ५५ संस्थामध्ये हालसम्म १२ वटाले मात्र लाभांश प्रस्ताव गरेका छन्। तीमध्ये मिर्मिरे लघुवित्त वित्तीय संस्था, ग्लोबल आइएमई लघुवित्त र एनआइसी एसिया लघुवित्तले लाभांश मात्र प्रस्ताव गरेका छन्। सबैभन्दा धेरै एनआइसी एसिया लघुवित्तले १५ प्रतिशत नगद लाभांश दिएको छ। त्यस्तै, आत्मनिर्भर लघुवित्तले १० प्रतिशत बोनस र ५ प्रतिशत नगद गरी १५ प्रतिशत लाभांश प्रस्ताव गरेको छ। साना किसान लघुवित्तले १४ दशमलव २५ प्रतिशत बोनस सेयर र शून्य दशमलव ७५ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको छ।

निर्जीवन बिमा समूहको नेप्सेमा सूचीकृत १२ कम्पनीमध्ये हालसम्म दुईवटा कम्पनीले मात्र लाभांश प्रस्ताव गरेका छन्। हिमालयन एभरेस्ट इन्स्योरेन्सले ८ दशमलव ६३ प्रतिशत बोनस र ६ दशमलव ३७ प्रतिशत नगद लाभांश र नेपाल इन्स्योरेन्स कम्पनीले १० प्रतिशत बोनस र शून्य दशमलव ५२ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको छ।

जीवन बिमा समूहअन्तर्गत नेप्से सूचीकृत १२ कम्पनीमध्ये दुईवटाले मात्र लाभांश प्रस्ताव गरेका छन्। जसमा रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले १६ प्रतिशत बोनस सेयर र शून्य दशमलव ८४ प्रतिशत नगद तथा सिटिजन लाइफ इन्स्योरेन्सले ५ प्रतिशत बोनस र शून्य दशमलव २६३२ प्रतिशत नगद लाभांश प्रस्ताव गरेका छन्।

पछिल्लो समय कम्पनीहरूले बोनस सेयरभन्दा नगद लाभांशमा जोड दिनुमा आर्थिक मन्दी प्रमुख कारण रहेको लगानीकर्ता राधा पोखरेलले बताइन्। बैंक तथा वित्तीय संस्था नाफामा जान नसक्दा लगानीकर्तालाई बोनसमा भन्दा नगद वितरण गर्नमै संस्थाहरू केन्द्रित भएको उनको भनाइ छ। उनले भनिन्, 'कोभिडपछि बोनस सेयर दिन सक्ने कम्पनीहरू पनि घाटामा गएका छन्, जसले बोनस सेयर दिन सक्ने अवस्था छैन, त्यसैले यो ट्रेन्ड अझ बढ्दो छ।'

नेपाल इन्भेस्टर्स फोरमका पूर्वअध्यक्ष छोटेलाल रौनियारले यसपटक बैंक तथा वित्तीय संस्थाले पूर्ववत् कारोबार रकममा भूतप्रभावी कानुनमार्फत सरकारले कर तिराएको हुनाले बोनस सेयर दिन नसक्ने अवस्थामा पुगेको बताए। उनले भने, 'प्रोभिजनमा राखेको रकम सरकारलाई कर तिर्न बाध्य भए, जसमा ठूलो रकम गुमाउन पुगे भने अर्कोतर्फ चुक्ता पुँजी धेरै भएका वित्तीय संस्थाले बोनस दिन रुचाएनन्, नगद मात्र दिए।' उनका अनुसार बोनस सेयरको आसमा सेयर लगानीकर्ताले ठूलो पुँजी खर्च गरेका छन्, रित्तो हात पर्दा लगानीकर्ता निराश बनेका छन्।

अघिल्लो आवको नाफाबाट घोषणा भएको लाभांश

कम्पनीको नाम	बोनस (प्रतिशत)	नगद (प्रतिशत)	जम्मा प्रतिशत
लक्ष्मी सनराइज बैंक	७	०.३७	७.३७
नबिल बैंक	-	११	११
नेपाल एसबिआई बैंक	३.७५	६.८	१०.५५
ग्लोबल आइएमई बैंक	१	८	९
स्ट्यान्डर चार्टर्ड बैंक	-	१९	१९
सिद्धार्थ बैंक	-	४.२१	४.२१
सिटिजन बैंक	-	५.७९	५.७९
एनआइसी एसिया बैंक	२९	१.५२	३०.५२
सानिमा बैंक	९	५.७	१४.७
एभरेष्ट बैंक	१०	१०.५३	२०.५३
माछापुच्छ्रे बैंक	१३.३	०.७	१४
मुक्तिनाथ विकास बैंक	९.७५	०.५३	१०.२६
गरिमा विकास बैंक	९.५	०.५	१०
महालक्ष्मी विकास बैंक	-	६.४	६.४
लुम्बिनी विकास बैंक	४	४.५	८.५
मितेरी डेभलपमेन्ट बैंक	९.५	०.५	१०
सांग्रिला डेभलपमेन्ट बैंक	५	०.२६३	५.२६३
साइन रेसुंगा डेभलपमेन्ट बैंक	१०.५	०.५५	११.०५
श्री इन्भेस्टमेन्ट फाइनान्स	-	५.०५	५.०५
आइसिएफसी फाइनान्स	-	६.५	६.५
मन्जुश्री फाइनान्स	-	५.२६३	५.२६३
मिमिरे लघुवित्त वित्तीय संस्था	-	६.२३	६.२३
जीवन विकास लघुवित्त	१४	०.७३६९	१४.७३६९
छिमेकी लघुवित्त	५	१०	१५
समता घरेलु लघुवित्त	५.४२२२	०.२८५४	५.७०७६
आत्मनिर्भर लघुवित्त	१०	५	१५
ग्लोबल आइएमई लघुवित्त	-	१०	१०
साना किसान लघुवित्त	१४.२	०.७५	१५
फस्ट माइक्रो फाइनान्स लघुवित्त	७.५	७.५	१५
सपोर्ट लघुवित्त	१३	०.६८४२	१३.६८४२
स्वावलम्बन लघुवित्त	१२.३५९९	०.६५०५	१३.०१०४
एनआइसी एसिया लघुवित्त	-	१५	१५
आरएसडिसी लघुवित्त	८.६	०.४५२६	९.०५२६
हिमालयन एभरेस्ट इन्स्योरेन्स	८.६३	६.३७	१५
नेपाल इन्स्योरेन्स कम्पनी	१०	०.५२६३	१०.५२
रिलायबल नेपाल लाइफ इन्स्योरेन्स	१६	०.८४	१६.८४
सिटिजन लाइफ इन्स्योरेन्स	५	०.२६३२	५.२६३२

अन्तर्राष्ट्रिय हवाई यात्रुमा कीर्तिमान, आन्तरिक घटे

सन् २०२३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै हवाई यात्रा गर्ने ८६ लाख ९१ हजारमध्ये साढे ४५ लाख अन्तर्राष्ट्रिय यात्रु



१ भदौमा बंगलादेशबाट विमान चार्टर गरेर नेपाल भ्रमणमा आएका बंगलादेशी पर्यटक। फाइल तस्बिर

नवीन अर्याल/नयाँ पत्रिका

सन् २०२३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) भएर हवाई यात्रा गर्ने यात्रु संख्या ९.२ प्रतिशतले बढेको छ। एक वर्षमा ८६ लाख ९१ हजार चार सय ४३ यात्रुले हवाई यात्रा गरेका त्रिभुवन विमानस्थल कार्यालयले जनाएको छ। सन् २०२२ मा विमानस्थलबाट आवागमन गर्ने यात्रुको संख्या ७९ लाख ५४ हजार चार सय ९५ रहेको थियो। तर, अघिल्लो वर्षको तुलनामा गत वर्ष उडान र अवतरण संख्या ३ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष २०२२ मा त्रिभुवन विमानस्थलमा अन्तर्राष्ट्रिय र आन्तरिक गरी एक लाख ३२ हजार पाँच सय १४ उडान-अवतरण भएकोमा २०२३ मा एक लाख २८ हजार चार सय ४९ उडान-अवतरण भएका छन्।

सन् २०२३ मा अन्तर्राष्ट्रिय हवाई यात्रु (भित्रिने र बाहिरिने) अघिल्लो वर्षको तुलनामा ३०.१८ प्रतिशतले बढेर ४५ लाख ४१ हजार पुगेका छन्। यो संख्या कोभिड महामारीअघि सन् २०१८ को भन्दा ४.५ प्रतिशतले बढी हो। सन् २०२२ मा ३४ लाख आठ हजार र सन् २०२१ मा करिब १४ लाख ५७ हजार हवाई यात्रु टिआइएबाट आवागमन गरेका थिए। अन्तर्राष्ट्रिय उडान-अवतरण एक वर्षमा ३१ हजार चार सय ६० पटक भएको छ, यो संख्या अघिल्लो वर्षको तुलनामा २ ९.४० प्रतिशतले बढी हो। तर, कोभिडअघि सन् २०१८ को तुलनामा भने अन्तर्राष्ट्रिय उडान-अवतरण १०.७६ प्रतिशतले घटेको छ। यस्तै, अघिल्लो वर्षको तुलनामा कार्गो ढुवानी १३.९८ प्रतिशतले घटेर २२ हजार नौ सय ४६ टनमा सीमित भएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सन् २०२३ मा विभिन्न देशबाट १० लाख १४ हजारभन्दा बढी पर्यटक नेपाल भ्रमणमा आएका छन्। यस्तै, सोही वर्ष १६ लाख तीन हजार आठ सय ३६ नेपाली रोजगारी, भ्रमण, पारिवारिक भेटघाट, अध्ययन, स्थायी बसोवास, सेमिनार, व्यवसायलगायत विभिन्न प्रयोजन खुलाएर विभिन्न देशमा पुगेको अध्यागमन विभागको तथ्यांक छ। अहिले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्ससहित विभिन्न देशका दुई दर्जनभन्दा बढी वायुसेवा कम्पनीले नेपालमा अन्तर्राष्ट्रिय उडान गर्दै आएका छन्। नेवानि, हिमालय, कतार, एयर इन्डिया, फ्लाई दुबई, एयर अरेबियालगायत वायुसेवा धेरै उडान गर्नेमा पर्छन्।

■ ७ प्रतिशत घटे आन्तरिक यात्रु

अन्तर्राष्ट्रिय यात्रु उत्साहजनक रूपमा बढ्दा आन्तरिक हवाई यात्रा गर्ने यात्रु भने ७.०७ प्रतिशतले घटेका छन्। सन् २०२३ मा ४१ लाख ५० हजार तीन सय २६ आन्तरिक यात्रुले त्रिभुवन विमानस्थल भएर देशका विभिन्न गन्तव्यमा आवागमन गरेका छन्। सन् २०२२ मा ४४ लाख ६६ हजार एक सय ५२ यात्रुले आन्तरिक उडान सेवा लिएर कीर्तिमानी कायम गरेका थिए। कोभिडअघि सन् २०१८ मा २८ लाख ४८ हजार, सन् २०१९ मा ३१ लाख ८८ हजार, सन् २०२० मा १३ लाख ४९ हजार र सन् २०२१ मा ३५ लाख ७७ हजार रहेको थियो। कोभिड महामारीपछि बढ्न थालेका आन्तरिक हवाई यात्रु पछिल्लो समय इन्धनको बढ्दो मूल्य र भ्याटका कारण हवाई भाडा चर्किएपछि सन् २०२३ मा घटेको देखिन्छ।

■ आन्तरिक उडान १० प्रतिशत कम

सन् २०२३ मा त्रिभुवन विमानस्थलमा ९६ हजार नौ सय ८९ आन्तरिक उडान-अवतरण भएका छन्, जुन संख्या अघिल्लो वर्षको तुलनामा १०.३६ प्रतिशतले कमी हो। हवाई यात्रा गर्ने यात्रुको संख्या घटेसँगै वायुयान उडान-अवतरणसमेत घटेको त्रिभुवन विमानस्थल कार्यालयले जनाएको छ। अहिले नेपालमा वायुसेवा निगम, बुद्ध, यती, तारा, श्री, सौर्य, समिट, सीता, गुणलगायत नौ वायुसेवा कम्पनीले आन्तरिक हवाई सेवा प्रदान गर्दै आएका छन्। जसमध्ये गुण एयरलाइन्सको उडान सेवा गत वर्षदेखि पूरै रोकिएको छ। आन्तरिक उडानका लागि बुद्धसँग १७, यतीसँग पाँच, श्रीसँग आठ, सौर्यसँग तीन, तारासँग तीन, समिटसँग चार, सीतासँग तीन, निगमसँग चिनियाँसहित आठवटा र गुणसँग सातवटा जहाज रहेका छन्। निगमसँग भएका पाँचवटा चिनियाँ र एउटा ट्विनअटर जहाज भने वर्षौंदेखि ग्राउन्डेड अवस्थामा छन्। नेपालमा काठमाडौं, भैरहवा र पोखरामा तीनवटा अन्तर्राष्ट्रियसहित ५४ वटा विमानस्थल सञ्चालनमा छन्। जसमध्ये करिब तीन दर्जन विमानस्थलमा मात्रै उडान-अवतरण हुँदै आएको छ।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्था
BFC
प्रधान कार्यालय
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोनः ०१-४५४२४६१/६२/६३

निक्षेप तथा कर्जाको ब्याजदर

माघ १, २०८० देखि लागु हुने

निक्षेप			
१. मुद्धती निक्षेप	ब्याजदर (वार्षिक)		ब्याज भुक्तानी
	व्यक्तिगत	संस्थागत	
३ महिने	९.०० %	–	–
३ महिना माथि ६ महिना सम्म	९.१०%	७.१०%	मासिक/त्रैमासिक
६ महिना माथि ९ महिना सम्म	९.२०%	७.२०%	मासिक/त्रैमासिक
१२ महिना देखि २४ महिना सम्म	९.५०%	७.५०%	मासिक/त्रैमासिक
२४ महिना भन्दा माथि	१०.००%	८.००%	मासिक/त्रैमासिक
बेष्ट रेमिट मुद्दतीमा	माथि उल्लेखित दरमा थप २%	–	मासिक/त्रैमासिक
२. बचत निक्षेप	ब्याजदर (वार्षिक)	न्यूनतम मौज्दात (रु.)	
जनरल सेभिङ	७.००%	१००	
होम सेभिङ	६.९५%	–	
गृहलक्ष्मी सेभिङ	७.००%	१००	
सिनियर सिटिजन सेभिङ	७.२५%	१००	
शेयर होल्डर सेभिङ	७.००%	१००	
चिल्ड्रेन सेभिङ	७.००%	१००	
सुपर सेभिङ	७.००%	१,०००	
एन.आर.एन.सेभिङ	७.००%	१००	
बेष्ट सेभिङ	८.००%	५,०००	
स्टाफ सेभिङ/तलब बचत खाता	८.००%	१००	
बेष्ट रेमिट सेभिङ	१०.००%	५,०००	
माथि उल्लेखित बाहेक न्यूनतम मौज्दात रु. १०० रहेको अन्य बचत खाताहरुको ब्याजदर ६.९५% हुनेछ।			
३. कल निक्षेप	अधिकतम ३.४७ % सम्म	१,०००	
कर्जा			
मुद्दती निक्षेप कर्जा	मुद्दती निक्षेपको ब्याजदरमा अधिकतम २ प्रतिशत वा आधार दर जुन बढि हुन्छ		
सहवित्तीयकरण कर्जा	सहवित्तीयकरणको निर्णयको आधारमा		
अन्य कर्जा	आधार दर + अधिकतम ५% प्रिमियम		
माघ, २०८० को लागी लागु हुने आधार दर	१३.६९%		

स्थिर ब्याजदर कर्जा (व्यक्तिगत)			
कर्जा शिर्षक	अधिकतम ५ वर्ष (वार्षिक %)	अधिकतम १० वर्ष (वार्षिक %)	अधिकतम १५ वर्ष (वार्षिक %)
आवासीय कर्जा	१७.००%	१७.००%	१७.००%
अटो कर्जा	१७.००%	१७.००%	१७.००%
अन्य कर्जा	१७.००%	१७.००%	१७.००%

नोटः एउटै प्रकृतिका कर्जा तथा सापटको ब्याजदर अन्तर २ % बिन्दु भन्दा बढि हुने छैन।

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
डिल्लीबजार, गुरुङको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं।
फोनः ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्सः ९७७-१-४४२१७७९
E-mail: info@shreefinance.com.np, Website:www.shreefinance.com.np

वि.स. २०८० माघ १ गतेदेखि लागू हुने ब्याजदर

निक्षेप तर्फ

क) मुद्दती निक्षेप	बार्षिक ब्याजदर	
अवधि	व्यक्तिगत	संस्थागत
३ देखि ६ महिना	९.१०%	७.१०%*
१ वर्ष देखि २ वर्ष सम्म	९.५०%	७.५०%
२ वर्ष भन्दा माथि	१०.००%	८.००%

*६ महिना अवधि

ख) बचत निक्षेप	६.५०% - ८.००%

ग) क्रमिक बचत खाता	
अवधि	ब्याजदर
२४ महिना वा सोभन्दा बढी	९.५०%

कर्जा तर्फ

क) कर्जा शिर्षकहरु	ब्याजदर
१. रियल स्टेट कर्जा	आधारदर + ५.९९% सम्म प्रिमियम थप
२. आवास कर्जा	
३. शैक्षिक कर्जा	
४. शेयर धितो कर्जा	
५. व्यवसायिक कर्जा	
६. व्यक्तिगत कर्जा	
७. ओभरड्राफ्ट कर्जा	
८. हायर पर्चेज कर्जा	
९. विपन्न वर्ग कर्जा :	
क) व्यक्तिगत	आधारदर + ५.९९% सम्म प्रिमियम थप
ख) थोक	आधारदर + २% सम्म प्रिमियम थप
१०. सहुलियतपूर्ण कर्जा	नेपाल राष्ट्र बैंकको निर्देशानुसार
११. मुद्दती रसिद धितो कर्जा	ब्याजदर + ३.००% सम्म

ख) स्थिर ब्याजदर		
विवरण	समयावधि	ब्याजदर
व्यक्तिगत आवधिक कर्जा	५ देखि १५ वर्षसम्म	१६.००%

आधारदर	१२.९४ % (वि.स.२०८० आश्विन मसान्त)
औसत आधारदर	१२.७३ % (वि.स.२०८० मंसिर मसान्त)

(नोटः वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्त भएको निक्षेपमा माथि उल्लेखित ब्याजदरमा १% थप गरी प्रदान गरिनेछ।)

ब्याज निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार एउटै प्रकृतिको कर्जाको ब्याजदर अन्तर २ प्रतिशत बिन्दुभन्दा फरक नपर्ने गरि व्यवस्था गरिनेछ।

मुख्य सडकै घुम्तीमा खाडल मर्मत नहुँदा दुर्घटनाको जोखिम

गुल्मीमा **टोपलाल अर्याल**

मदन भण्डारी राजमार्गअन्तर्गत तम्घास-छल्दी सडक थला पर्दै गइरहेको छ। तर, काम गर्ने निर्माण व्यवसायी र योजना कार्यान्वयन गर्ने कार्यालय अदालत धाउनै व्यस्त छन्।

यो सडक ०७१ सालमा सडक डिभिजन कार्यालय पाल्पामार्फत कालिका प्यासेफिक जेभीले निर्माण सम्झौता गरेको थियो। पछि तम्घास-सिमलटारी-प्युठान सडक योजनामा हस्तान्तरण भयो। अहिले मदन भण्डारी राजमार्ग योजना कार्यालय तम्घास-गुल्मीअन्तर्गत रहेको छ। सडक निर्माणका लागि ३६ करोड ४४ लाखको इस्टिमेट गरेर २१ करोड १० लाख ९४ हजारमा निर्माण व्यवसायीले निर्माणको सम्झौता गरेका थिए। तर, सम्झौताअनुसार काम नसकेपछि दुईपटक थप गरेर अन्तिम म्याद २ चैत ०७६ को दिइएको थियो।

सम्झौता रकममध्ये २० करोड ६९ लाख ७० हजार भुक्तानी भइसकेको छ। ठेक्का हस्तान्तरणपूर्व निर्माण व्यवसायीले गर्नुपर्ने मर्मत-सम्भारका काम नगरेपछि बाँकी भुक्तानी भने रोकिएको मदन भण्डारी राजमार्ग योजना कार्यालय तम्घासकी सूचना अधिकारी इन्जिनियर शर्मिला शर्माले बताइन्। कार्यालयले भुक्तानी रोकेपछि निर्माण व्यवसायीले मुद्दा दर्ता गरेको शर्माले बताइन्। निर्माण व्यवसायीले मुद्दा जितेपछि फेरि विभागले उच्च अदालतमा मुद्दा दर्ता गरेको उनले जानकारी दिइन्। मुद्दाको कारण स्वतन्त्र रूपमा सडकको मर्मत-सम्भार गर्न नसकिएको र कार्यालयमा बजेट अभाव हुँदा लेन्थवर्कर पनि राख्न नसकिएको शर्माले बताइन्। मुद्दाको किनारा लागेपछि मात्रै मर्मतको काम गर्न सकिने उनको भनाइ छ। सम्झौताअनुसारकै काम पनि बाँकी रहेकाले पछि पनि थप समस्या देखिएको उनले बताइन्।



मदन भण्डारी राजमार्गअन्तर्गतको तम्घास-छल्दी सडकखण्ड।

■ स्थानीयदेखि सांसदसम्म असन्तुष्ट

सडक निर्माणका क्रममा निर्माण व्यवसायीले गुणस्तरहीन काम गरेको भन्दै स्थानीयले आलोचना गरेका थिए। अहिले सडक भत्किएर दुर्घटनाको जोखिम बढ्न थालेपछि स्थानीयले नेता र जनप्रतिनिधिको ध्यानाकर्षण गराउने गरेका छन्। 'सडकको छेउ र कुनाबाट पहिरो जान थाल्यो। बीचसडकको खाल्डो पुर्नेसमेत कोही छैनन्,' रेसुंगा नगरपालिका-४ का विवेक केसीले भने, 'उबडखाबड कालोपत्रे उप्किन थाले पनि बोल्ने कोही छैनन्।' यो सडक निर्माणका क्रममा तत्कालीन रेसुंगा नगरपालिकाका मेयर डिल्लीराज भुसाल र जिल्ला समन्वय समिति प्रमुख लक्ष्मण पराजुलीले अनुगमन गरी काम गुणस्तरीय नभएको भन्दै योजना कार्यान्वयन गर्ने कार्यालयको ध्यानाकर्षण गराएका थिए। वर्तमान लुम्बिनी प्रदेश सभा सदस्य भुसालले निर्माणकै चरणमा आफूहरूले काम सन्तोषजनक नभएपछि भुक्तानी प्रक्रिया रोक्न दबाब दिएको र अहिलेसम्म निगरानी गरिरहेको बताए। 'त्यसबेलै काम गुणस्तरहीन भएकाले भुक्तानी नदिन भनेका हौं। अहिले सडक भत्किएर बर्बाद भएको छ,' उनले भने, 'निर्माण व्यवसायी भने काम नगरेर अदालत धाएका छन्।'

मुक्तिनाथको १०.२६ प्रतिशत लाभांश पारित



नयाँ पत्रिका

मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्ना सेयरधनीलाई १०.२६ प्रतिशत लाभांश दिने भएको छ। शनिबार पोखरामा सम्पन्न १७औं वार्षिक साधारणसभाले आर्थिक वर्ष ०७९/८० को मुनाफाबाट दिइने लाभांश पारित गरेको हो। त्यसैगरी, सभाले बैंक सञ्चालक समितिसमेत चयन गरेको छ।

पारित लाभांशमध्ये ९.७५ प्रतिशत बोनस सेयर र ०.५१ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश रहेको छ। यसका साथै सभाले आर्थिक वर्ष ०७९/८० को वार्षिक प्रतिवेदन, चालू आर्थिक वर्ष ०८०/८१ का लागि लेखापरीक्षकको नियुक्तिसँगै अन्य सामान्य प्रस्तावसमेत पारित गरेको बैंक सञ्चालक समितिका अध्यक्ष भरतराज ढकालले जानकारी दिए।

पाँच सञ्चालक चयन

सभाले बैंकको नयाँ सञ्चालक समिति सर्वसम्मत चयन गरेको छ। सर्वसम्मत चयन हुने पाँच सञ्चालकहरूमा भरतराज ढकाल, नारायणकुमार श्रेष्ठ, भरतप्रसाद लम्साल, विनोदकुमार शर्मा र सरोजा श्रेष्ठ (कोइराला) रहेका बैंकका प्रमुख सूचना अधिकारी तिलबहादुर गुरुङले जानकारी दिए।

यसअघि सभामा बैंक सञ्चालक समितिका सदस्य गजेन्द्रमान श्रेष्ठले स्वागत, प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले बैंकको हालको अवस्था र भावी रणनीतिका बारेमा जानकारी गराएका थिए। यसैगरी वार्षिक प्रतिवेदनमा विभिन्न सेयरधनीले आ-आफ्नो जिज्ञासा साथै सुझाव दिएका थिए। सेयरधनीबाट आएका जिज्ञासाको जवाफ अध्यक्ष ढकाल र प्रमुख कार्यकारी अधिकृत पोखरेलले दिएका थिए।

महालक्ष्मी विकास बैंकको ६.४० प्रतिशत लाभांश पारित



काठमाडौं/ महालक्ष्मी विकास बैंकको २२औं साधारणसभाले आर्थिक वर्ष ०७९/८० सम्मको मुनाफा रकमबाट सेयरधनीलाई हाल कायम रहेको चुक्ता पुँजीको ६.४० प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने करसहित) वितरण गर्ने प्रस्ताव पारित गरेको छ। सञ्चालक समितिका अध्यक्ष राजेश उपाध्यायको अध्यक्षतामा शनिबार बसेको बैठकले विदेशी बैंक तथा वित्तीय संस्थालाई रणनीतिक साझेदार-लगानीकर्ताका रूपमा भित्र्याउने प्रस्ताव पारित गरेको छ। त्यस्तै, बैंकको लेखापरीक्षण गर्न जेबी राजभण्डारी एन्ड डिबिन्स चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गरेको छ। साथै, सभाले बैंकको प्रबन्धपत्र र नियमावलीका दफा तथा नियममा संशोधन गर्ने प्रस्तावसमेत पारित गरेको छ।

ओमोडा ई-फाइभ इभी सार्वजनिक गर्ने तयारी

काठमाडौं/ ओमोडा एन्ड जेको अटोमोबाइल कम्पनी लिमिटेडले आफ्नो फ्ल्यागसिप भेरियन्ट ओमोडा ई-फाइभ इभी नेपालमा सार्वजनिक गर्ने तयारी गरेको छ। ओमोडाको चीन समूहले २८ डिसेम्बरमा अनलाइन लाइभस्ट्रिममार्फत यसबारे जानकारी दिइसकेको छ।

ओमोडा नेपाल बिजनेसका प्रबन्ध निर्देशक केपान र ओमोडाका ब्रान्ड म्यानेजर रायन वाङद्वारा आयोजित लाइभस्ट्रिम कार्यक्रममा सारडा समूहका विशिष्ट अतिथि र मिडिया उपस्थित थिए।

ओमोडा ई-फाइभ नेपालमा १८० एमएम ग्राउन्ड क्लियरेन्सका साथ लन्च हुनेछ, जुन यसका प्रतिस्पर्धीमध्ये उत्कृष्ट छ। ६१ किलोवाट आवर ब्याट्री क्षमता, ९९ किलोवाट मोटर पावर र ३४० न्युटनमिटर टर्कका साथ यसले ५१० किलोमिटर (एनईडिसी) र ४३० किलोमिटर (डब्लुएलटिपी)को दायरा प्रदान गर्छ। ओमोडा ई-फाइभको बाहिरी डिजाइन 'लाइट अफ मुभमेन्ट' नामक आधुनिक दर्शनमा आधारित छ।

उत्साहजनक एक्टेरियर डिजाइनका साथ यो गाडीमा २४/६ इन्चको डुअल स्क्रिन, २५६ रङको एम्बियन्ट लाइट, प्रिमियम ८ सोनी स्पिकरसहितको क्रोम डोर ह्यान्डल, विद्युतीय सनरुफ, ५० किलोवाटको वायरलेस चार्जर, भेन्टिलेटेड सिटसहितको इन्टेरियर डिजाइन गरिएको छ। साथै, यसमा १७ एडिएस सुविधा पनि छन्। जसमा ब्लाइन्ड स्पट डिटेक्सन, लेन चेन्ज असिस्ट, डिपार्चर रिमाइन्डर, एडप्टिभ क्रुज कन्ट्रोल, फ्रन्ट कोलिजन वार्निङ, लेन किपिङ असिस्ट, ट्राफिक जाम अभोइडेन्स असिस्टेन्ट, ६ वटा एयरब्यागलगायत छन्।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले इण्डोनेशियाबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	YARIS CROSS HYBRID (HEV)	Compact SUV	TOYOTA	NYC200R-DHXHBF	1496	INDONESIA	1	12,200,000.00	12,200,000.00

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्वाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

Armed Police Force, Nepal Welfare Service Center (APFNWSC)

Halchowk, Kathmandu, Nepal

Invitation for Bids

Date of publication: January 14 , 2024

(E-submission only)

1. The Armed Police Force, Nepal Welfare Service Center invites electronic bids from Nepalese eligible bidders for the Construction of floor addition on mess building for the following Works as specified in table (2) under National Competitive Bidding procedures.
2. The estimated amount for the works is specified in table (2).
3. Eligible Bidders may obtain further information and inspect the Bidding Document at PPMO website www.bolpatra.gov.np/egp. The bidder can download the bidding document from PPMO's WebSite www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost ***NRs. 3000.00*** (non refundable) of bidding document in the Project's account number **as specified in table (1)** and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Table (1)

S.N.	Name of Office	Email Address	Office Contact No.	Account No.	Bank
1.	The Armed Police Force, Nepal Welfare Service Kathmandu Nepal.	welfaresection@gmail.com	01-5249030	02500944630015	Himalayan Bank Limited, Swoyambhu Branch

4. Pre-bid meeting shall be held at the respective offices **as specified in table (2) at 12:00 pm on February 2, 2024.**
5. Bids must be submitted to Armed Police Force Nepal Welfare Service Center Halchowk Kathmandu, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 PM** on **February 15, 2024.**
6. The bids will be opened in the presence of Bidders' representatives at **13:00** hrs at Armed Police Force Nepal Welfare Service Center Halchowk Kathmandu, Nepal on **February 15, 2024**. Bids must be valid for a period of 90 days after bid opening date and must be accompanied by a bid security amounting of **NRs 245000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The bidder must provide any clarification asked by the employer as per sub-clause 4 of clause 23 of Public Procurement Act 2063 (latest revision) and as per **ITB 24** of bid documents during examination, evaluation and comparison by the ***[Date and Time]***. The bidder who does not provide the clarification of its bid by the ***[Date and Time]*** set by the employer will be rejected.
9. Information not mentioned in this notice shall be in accorda nce with bid document, Public Procurement Act 2063 (latest revision), Public Procurement Regulation 2064 (latest revision), Electronic Procurement Directives 2074 and other prevailing Law.

Table (2)

S.N.	Contract No.	Name of Office	Description of Works/Location	Estimated Amount (without VAT and Provisional Sum)	Rem.
1.	APF/WSC/NCB/Works/080/081-001	Armed Police Force Nepal Welfare Service Center Halchowk Kathmandu, Nepal	Construction of floor addition on mess building at Nepal APF School, Kirtipur Kathmandu	8454852.29	

हार्दिक श्रद्धाञ्जलि



जन्म
वि. सं. २००६/०५/१९

स्वर्गारोहण
वि. सं. २०८०/९/१७

स्व. राम कुमार श्रेष्ठ

मेरो आदरणीय दाजु स्व. राम कुमार श्रेष्ठको असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

योगेन्द्र प्रसाद श्रेष्ठ
तथा
समस्त परिवार

■ प्रधानमन्त्री एकदिवसीय कप

रासिदको कीर्तिमानी शतकमा पुलिस विजयी

नयाँ पत्रिका

नेपाल पुलिस क्लबका रासिद खानले प्रधानमन्त्री कप (पिएम) एकदिवसीय क्रिकेट प्रतियोगितामा शतकीय इनिङ्स खेलेका छन् । प्रतियोगिताको पहिलो दिनमै रसिदले शतकीय योगदान दिँदा पुलिसले बागमती प्रदेशलाई ६८ रनले हरायो । त्रिवि क्रिकेट मैदानमा पहिलो ब्याटिङ गरेको पुलिसले ५० ओभरमा आठ विकेटको क्षतिमा दुई सय ८२ रनको बलियो योगफल खडा गरेको थियो । प्रत्युत्तरमा बागमतीले ४२.३ ओभरमा सबै विकेटको क्षतिमा दुई सय १४ रन मात्र जोड्न सक्यो ।

सातौँ नम्बरमा ब्याटिङ गरेका रासिदले १ सय १२ बलमा ९ चौका र ६ छक्काको सहयोगमा १ सय ६ रन जोडे । उनले पुलिसको ब्याटिङमा अविजित शतक लगाएका हुन् । प्रधानमन्त्री कप क्रिकेटमा सातौँ नम्बरका ब्याटिङ गरी शतक लगाउने उनी पहिलो खेलाडी हुन् । साथै, आफ्नो क्रिकेट करिअरमा उनले पहिलो व्यक्तिगत शतक पनि लगाउन सफल भए । पुलिस इनिङ्सको एक समय ७२-५ को दयनीय अवस्थामा थियो । रासिद र आरिफ शेखले छैटौँ विकेटका लागि एक सय २० रनको साझेदारी गर्दै पुलिसलाई बलियो स्थितिमा पुऱ्याए ।

यी दुवै ब्याट्सम्यानले पुलिसलाई ४०.५ ओभरमा १९२-६ को स्थितिमा राखे । आरिफले ६६ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ५७ रन जोडेका थिए । ओपनर सुनिल धमलाले ३४ बलमा २० रन तथा अर्जुन साउदले २३ बलमा दुई छक्का प्रहार गरी २० रन बटुलेका थिए । पुलिसका कप्तान दीपेन्द्रसिंह ऐरीले १४ बलमा समान एक चौका र छक्का प्रहार गरी २१ रन बटुले भने करण केसीले १५ रन जोडे ।

पहिलो ब्याटिङ गरेको पुलिसलाई सुरुवाती क्रममा कमजोर बनाउन राजन ढकाल र सूर्या तामाङले कसिलो बलिङ गरे । राजनले ५४ रनमा तीन विकेट लिए । सूर्याले पनि ५० रन खर्चेर तीन विकेट हात पारे । गौतम केसी र सोनु देवकोटाले समान एक विकेट हात पारे ।

आशुतोष शतक बनाउन चुके

लक्ष्य पछ्याउँदा बागमतीले उत्कृष्ट सुरुवात गरेको थियो । ओपनर आशुतोष घिरैया र इशान पाण्डेले पहिलो विकेटका लागि १७.१ ओभरमा ९६ रनको साझेदारी गरी बागमतीलाई जितको आशा दिलाएका थिए । अलराउन्ड प्रदर्शन गरेको रासिदले १७.१ ओभरमा पाण्डेको विकेट लिँदै पुलिसलाई खेलमा फर्काए । पाण्डेले ४८ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ४४ रनको योगदान दिए । त्यसछि बागमतीले निरन्तर विकेट गुमाउँदै गयो ।

विकेटको अर्कोछेउमा आशुतोष डटेर सामना गरिरहेका थिए । उनले सातौँ विकेटसम्म साझेदारी गरी जितको सम्भावना यथावत् नै राखे । तर, इनिङ्सको ३७.२ ओभरमा उनले आफ्नो विकेट गुमाउँदा बागमतीको आशा सबै समाप्त भयो । आशुतोषले शतकीय इनिङ्स खेल्न आठ रनले चुके । पुलिसका कप्तान दीपेन्द्रसिंहको ओभरमा क्याचआउट हुनुअघि आशुतोषले ८७ बलमा नौ चौका र चार छक्का प्रहार गरी ९२ रनको योगदान दिए ।

सो ब्याटिङ इनिङ्समा बागमतीका लागि प्रतीक श्रेष्ठले १० रन, विपिन आचार्यले १७ रन, सोनु देवकोटाले १९ रन तथा गौतम केसीले १३ रनको योगदान दिए । पुलिसका लागि करण केसी, रासिद खान र दीपेन्द्रसिंहले समान दुई विकेट हात पारे । सागर ढकालले ५६ रन खर्चेर सर्वाधिक तीन विकेट हात पारे ।

मधेशको सानदार जित

प्रतियोगिताअन्तर्गत मूलपानी क्रिकेट मैदानमा भएको खेलमा मधेशले कोशीमाथि सात विकेटको सानदार जित निकालेको छ । मधेशले एक सय ७९ बाँकी रहँदै सानदार जित निकालेको हो । पहिलो ब्याटिङ गरेको कोशीले ४१ ओभरमा सबै विकेटको क्षतिमा एक सय २७ रन मात्र बनाएको थियो । कोशीले २१ अतिरिक्त रन पाएको थियो । सहज लक्ष्य पछ्याएको मधेशले २०.१ ओभरमा तीन विकेटको नोक्सानीमा एक सय २९ रन जोडेको थियो । मधेशको जितमा ओपनर अनिल शाहले ५४ बलमा १४ चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ८८ रनको योगदान दिए ।

अनिलले अर्का ओपनर हरिशंकर साहसँग पहिलो विकेटका लागि ८३ रनको साझेदारी गर्दै जितको आधार बनाए । हरिशंकरले ३३ बलमा चार चौका प्रहार गरेका थिए । यसअघि ब्याटिङ गरेको कोशीविरुद्ध प्रदीप पवनले १५ रन खर्चेर तीन विकेट हात पारे । राजेश यादव, रञ्जित कुमार र पवन सराफले समान दुई विकेट हात पारे ।

ब्याटिङको क्रममा कोशीका लागि दुई खेलाडीले मात्र दोहोरो रन बनाए । अंकित सुवेदीले ४० रन र फिर्दोष अन्सारीले ४१ रनको योगदान दिए । अंकितले ५० बलमा सात चौका प्रहार गरे । अन्सारीले ७१ बलमा दुई चौका र एक छक्का प्रहार गरेका थिए । अन्य ब्याट्सम्यानले दोहोरो रन नै बनाएनन् । कोशीका दुई खेलाडी शून्य रनमा आउट भए । कोशीको ब्याटिङमा एक मात्र छक्का प्रहार भएको थियो । अन्सारीले कोशीको ब्याटिङमा एकमात्र छक्का प्रहार गरे । प्रतिस्पर्धामा मधेशले कोशीलाई पाँच पेनाल्टी रन दिएको थियो । लक्ष्य पछ्याउँदा मधेशले प्रतिओभर ६.३९ रनरेटमा ब्याटिङ गरेको थियो । कोशीले बलिङमा एक लेगवाई र चार वाइडमात्र दिएको थियो ।

> सातौँ क्रममा ब्याटिङ गरेका रासिद खानको करिअरकै पहिलो शतकको सहयोगमा पुलिसले बागमतीलाई ६८ रनले हरायो

लुम्बिनी चार विकेटले विजयी

भैरहवा/ प्रधानमन्त्री कप पहिलोपटक मोसफलमा सुरु भयो । सिद्धार्थ रंगशालामा गण्डकी र लुम्बिनीबीचको खेलसँगै मोसफलमा पहिलोपटक प्रधानमन्त्री कप आयोजना भएको हो । प्रतियोगितामा लुम्बिनीले गण्डकीमाथि चार विकेटको जित निकाल्यो । पहिलो ब्याटिङ गरेको गण्डकी ४३.२ ओभरमा एक सय ११ रनमा समेटियो । प्रत्युत्तरमा लुम्बिनीले २८.२ ओभरमा ६ विकेटको नोक्सानीमा एक सय १३ रन जोड्दै जित निकाल्यो ।

लुम्बिनीको जितमा स्पिनर अजय चौहानले घातक बलिङ गरेका थिए । उनले ८.४ ओभरमा १६ रन खर्चेर गण्डकीका पाँच ब्याट्सम्यानलाई आउट पारे । यसक्रममा उनले दुई मेडन ओभर पनि फ्याँके । गण्डकीको ब्याटिङमा ओपनर समीर कँडेलले १३ रन, करण पंगेनीले २८ रन तथा कृष्णा अयरले १९ रनको योगदान दिए ।

लुम्बिनीको ब्याटिङमा मिर्नाल गुरुङले ४७ रनको योगदान दिए । यसैगरी, मोहम्मद हुसेनले २१ रन र विराट भण्डारीले १० रन जोडेका थिए । बलिङमा गण्डकीका विपिन खत्री र कमल परियारले समान तीन विकेट लिए । प्रतियोगिताको आइतबार कर्णालीले गण्डकीको सामना गर्नेछ ।

२० माघसम्म चल्ने पिएम कपमा सात प्रदेश र तीन विभागीय टोलीले प्रतिस्पर्धा गरिरहेका छन् । प्रतियोगिता पहिलोपटक राउन्ड रोबिन पद्धतिअनुरूप भएको हो ।



बागमतीविरुद्ध शतक प्रहार गरेपछि रासिद खान । तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

पुरुषमा प्रिन्स र महिलामा रसिला विजेता



नयाँ पत्रिका

एपिएफका प्रिन्स दाहाल र त्रिभुवन आर्मीकी रसिला महर्जन प्रथम प्रकाश दाहाल स्मृति राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिताको उपाधि जितेका छन् । स्पोर्टस् हबको आयोजनामा भएको शनिबार सम्पन्न पुरुष एकल फाइनलमा प्रिन्सले आर्मीका प्रफुल महर्जनलाई २-० को सोझो सेटमा पराजित गर्दै उपाधि उचालेका हुन् । पहिलो सेट २१-१६ ले जितेका प्रिन्सले दोस्रो सेटमा पनि २१-१६ नै जिते । एपिएफका देवराज राना र नेपाल पुलिसका विष्णु कटुवाल संयुक्त रूपमा तेस्रो भए ।

महिला एकलमा रसिलालले आफ्नै क्लबकी अनुमाया राईमाथि सहज जित निकाल्दै उपाधि चुमिइन् ।

पहिलो सेटमा अनुलाई २१-३ ले हराएकी रसिलाले दोस्रो सेट २१-१४ ले जितेकी थिइन् । आर्मीकी अमिता गिरी र कस्तुरी कलेजकी सीमा राजवंशी संयुक्त तेस्रो भए । प्रतियोगिताको स्थानीयतर्फ आयोजक स्पोर्टस् हबका अनुज तामाङ र सुमित थोकरले जित निकाले । पुरुष शीर्ष २० वरीयताबाहेकको युगलतर्फ आयोजकका अभिषेक गुरुङ र निश्चल खत्रीको जोडीमाथि कास्कीका विधान अधिकारी र आर्मीका पविन लिनथेप जोडीले फाइनलमा २१-१४ र २१-१९ को सेटमा जित निकालेका छन् ।

भेट्रान्स ३५ वर्षमाथिको खेलमा कास्कीका विशाल खड्का र आर्मीका सुरोज महर्जनको जोडीले उपाधि हात पारेका छन् । महर्जनको जोडीले आयोजकका आकाश छन्त्याल र आङकुसाङ शेर्पाको जोडीलाई २१-११ र २१-१४ को जित निकाले । ४५ वर्षमाथिको प्रस्पिर्धामा चन्द्रागिरि ब्याडमिन्टन क्लबका हरि खत्री र राजकुमार पोखरेलको जोडीले पिस फिटनेस सेन्टरका सञ्जय कपाली र अनिल थाम्सुहाङको जोडीलाई हराए ।

प्रतियोगिताको पहिलो हुनेले ४५ हजार, दोस्रोले २५ हजार र तेस्रो स्थानमा रहेका खेलाडीले १० हजार रुपैयाँ हात पारेका छन् । ब्याडमिन्टन संघको मान्यताप्राप्त वरीयतासहितको राष्ट्रिय प्रतियोगितामा पुरुष एकल, महिला एकल, पुरुष युगल र स्थानीयस्तर इभेन्ट्स समावेश भएको आयोजकले जनाएको छ ।

खेल संक्षेप

बागमती टिम च्याम्पियन

काठमाडौं/ बागमती प्रदेशले चौथो राष्ट्रिय खुला वादोरियो कराँते प्रतियोगिताको उपाधि शनिबार जितेको छ । १२ स्पर्धा समावेश प्रतियोगितामा बागमती सर्वाधिक १० स्वर्ण जित्दै समग्रमा टिम च्याम्पियन बनेको हो । बागमतीले दुई रजत र एक कांस्य पनि जित्यो । नेपाल वादोरियो कराँते डो संघद्वारा आयोजित प्रतियोगितामा एक स्वर्ण, तीन रजत र तीन कांस्यसहित कोशी प्रदेश दोस्रो भयो । तेस्रो स्थानमा रहेको मधेशले एक स्वर्ण र पाँच कांस्य हात पाऱ्यो । बागमती १० हजार, कोशीले आठ हजार र मधेशले सात हजार रुपैयाँ प्राप्त गरेका छन् । पुरुषमा बागमतीका डेभिड कुमार श्रेष्ठ र महिलामा कोशीकी सञ्जिता लेप्चा उत्कृष्ट खेलाडी घोषित भए । प्रतियोगिताको अन्तिम दिन ६ स्वर्णका लागि प्रतिस्पर्धामा भएको थियो । बागमतीका सबै खेलाडीले स्वर्ण जिते ।

उमेश र सोमालाई स्वर्ण

काठमाडौं/ उमेश धिताल र सोमा गुरुङले जिपी कोइराला स्मृति श्रमिक कप ब्याडमिन्टन प्रतियोगिताको खुला एकलमा शनिबार स्वर्ण जितेका छन् । पुरुषमा उमेश र महिलामा सोमा पहिलो भएका हुन् । भेट्रान पुरुष ४५ वर्षमाथि एकलको फाइनलमा रामसिंह तामाङले लेखनाथ पराजुलीलाई हराए । पुरुष डबल्समा उमेश धिताल र दिनेश केसीको जोडीले उपाधि भिडन्तमा शोभाकर भण्डारी र चन्द्रबहादुर पाण्डेको जोडीलाई हराए । डबल्समा उमेश धिताल र शर्मिला केसीको जोडी पहिलो भएका छन् । दुई दिनसम्म चलेको प्रतियोगितामा ७६ खेलाडीले प्रतिस्पर्धा गरेको प्रतियोगिता संयोजक प्रजापति दाहालले जनाएका छन् ।

बौदीकाली पहिलो

कास्की/ नवलपुरको बौदीकाली गाउँपालिकाले दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश अन्तरपालिकास्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि हात पारेको छ । प्रतियोगिताको शनिबार भएको फाइनलमा बौदीकालीले बागलुङको गल्कोट नगरपालिकालाई ३-१ को सेटमा हरायो । उपाधि विजेता बौदीकालीले पहिलो सेट २१-२५ ले गुमाएको थियो । त्यसपछि लगातार तीन सेट २७-२५, २६-२४ र २५-१६ ले हात पार्दै बौदीकालीले उपाधि जित्यो । यसअघि पहिलो सेमिफाइनलमा गल्कोटले कास्कीको अन्नपूर्ण गाउँपालिकालाई ३-० को सेटमा पाखा लगाएको थियो । बौदीकालीले स्याङ्जाको चापाकोट नगरपालिकालाई ३-१ को सेटमा पराजित गऱ्यो ।

अञ्जली सम्मानित

काठमाडौं/ कमला कार्की स्मृति प्रतिष्ठानले कराँते खेलाडी अञ्जली महर्जनलाई शनिबार सम्मानित गरेको छ । अञ्जलीले नेपालमा भएको सातौँ दक्षिण एसियाली कराँते प्रतियोगिताको महिला ५० केजीमुनि स्वर्ण जितेकी थिइन् । उनले भारतको मुम्बईमा भएको मुम्बई अन्तर्राष्ट्रिय कराँतेमा तीन पदक हात पारेकी थिइन् । खेलजगतबाट राष्ट्रको गौरव बढाएको जनाउँदै प्रतिष्ठानले उनको सम्मान गरेको जनाएको छ ।

एएफसी कप खेलाउने योसिमी पहिलो महिला रेफ्री



दोहा/ जापानकी योसिमी यामासिले शनिबार कतारको दोहामा इतिहास बनाएकी छिन् । फिफा रेफ्रीकी रूपमा एसिया कपको खेल खेलाउने उनी पहिलो एसियन महिला बनेकी छिन् । समूह 'बी'अन्तर्गत भारत र अस्ट्रेलियाबीचको खेलमा उनी मुख्य रेफ्रीका रूपमा थिइन् । उनी मात्र होइनन्, सहायक दुई रेफ्री पनि महिला नै थिए । मार्कोटो बोजोनो र नाओमी हिरोगीले योसिमीलाई सहयोग गरेका थिए ।

एसियन फुटबल महासंघ (एएफसी)ले योसिमीको सफलतालाई एक कोसेढुंगाका रूपमा प्रशंसा गरेको छ । 'एसिया कपको इतिहासमा आजको दिन ऐतिहासिक रह्यो, पहिलोपटक एसियाकै फिफा रेफ्री प्रतियोगिता सञ्चालन गरेकी छिन्,' एएफसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

सन् २०१५ मा योसिमाले फिफा रेफ्रीको ब्याच लगाएकी थिइन् । जापानको फुटबल इतिहासमा उनी नै पहिलो महिला फिफा रेफ्री हुन् । ३७ वर्षीय योसिमाले एसियाको शीर्ष डिभिजन लिग खेलाइसकेकी छिन् । यसैगरी, एएफसी कप तथा एसिया च्याम्पियन्स लिगका मुख्य खेल उनले खेलाएकी थिइन् । अन्तर्राष्ट्रिय फुटबलमा निरन्तर रूपमा फिफा तथा एएफसीका खेल सञ्चालन गरेकी छिन् । सन् २०१९ को महिला फिफा विश्वकप तथा सन् २०१९ कै एएफसी च्याम्पियन्स लिगको फाइनल उनले नै सञ्चालन गरेकी थिइन् । सन् २०२२ मा कतारमै भएको विश्वकपमा उनी एक खेलमा मुख्य रेफ्रीमा थिइन् ।

अस्ट्रेलियासँग भारत पराजित

एसियाको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता एसियन कपमा शनिबार अस्ट्रेलियाले भारतलाई २-० ले हराएको छ । बिन अली रंगशालामा भएको खेलमा अस्ट्रेलियाले दुवै गोल दोस्रो हाफमा गरेको थियो । पहिलो हाफमा भारतले अस्ट्रेलियालाई रोकेको थियो । खेलको ५० औँ मिनेटमा ज्याक्सन इर्भिनले अस्ट्रेलियालाई १-० को अग्रता दिलाए । खेलको ७३औँ मिनेटमा जोर्डन बोसले २-० का लागि गोल गरेका थिए । शुक्रबार राति भएको उद्घाटन खेलमा आयोजक कतारले लेबनानलाई ३-० ले पराजित गरेको थियो।

भारतको यो पाँचौँ एसिया कप सहभागिता हो । भारत लगातार दोस्रोपटक एसिया कपमा छनोट भएको पहिलोपटक हो । भारतको समूहमा उज्वेकिस्तान र सिरिया छन् । एसिया कपमा भारतको उत्कृष्ट प्रदर्शन नै सन् १९६४ हो, त्यसवेला भारत उपविजेता बन्दा इजरायल विजेता बन्यो ।

दोलखालाई राष्ट्रिय बुद्धिचालको उपाधि



काठमाडौं/ छैटौँ तुल्सीलाल स्मृति राष्ट्रिय क्लब टिम च्याम्पियनसिप बुद्धिचाल प्रतियोगिताको उपाधि दोलखा चेस होम नेपालले जितेको छ । ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानको हलमा शनिबार सम्पन्न फाइनल खेलमा भक्तपुर जिल्ला बुद्धिचाल संघलाई हराउँदै दोलखाले उपाधि जितेको हो । उपाधि जित्ने क्रममा दोलखाले भक्तपुरलाई ३-५ र ०-५ ले पराजित गऱ्यो । दोलखामा वर्तमान नेपाल च्याम्पियन रुपेस जैसवाललेे युवा खेलाडी पुरुषोत्तम सिलवाललाई पराजित हराए । सुश्रुत दाहाल भक्तपुरका विकास चोकामीसँग बराबरी खेले । मुहान नर्सिङ श्रेष्ठले स्वर्णिम दुवाललाई निराश पारे । सुजना लोहनीले अभिक शाहलाई हराए । अर्को खेलमा कमवानपुर जिल्ला चेस संघलाई २-५ र १-५ ले पराजित कोशी उपविजेता बनेको छ । उपाधि हात पारेको दोलखाले दुई लाख र उपविजेता भक्तपुरले एक लाख २० हजार रुपैयाँ जितेका छन् । तेस्रो स्थान प्राप्त गरेको कोशीले ६० हजार र चौथो भएको मकवानपुरले ४० हजार रुपैयाँ पाए ।

तेक्वान्दोमा लैनचौर पहिलो

काठमाडौं/ लैनचौर तेक्वान्दो डोजाङले प्रथम एसकेबिसी काठमाडौं जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिताको उपाधि शनिबार जितेको छ । प्रतियोगितामा लैनचौर नौ स्वर्ण, सात रजत र तीन कांस्य पदक जित्दै टिम च्याम्पियनको उपाधि हात पारेको हो ।


उपविजेता बनेको द नेक्स्ट लेभल तेक्वान्दोले पाँच स्वर्ण, चार रजत र एक कांस्य हात पाऱ्यो । तीन स्वर्ण, दुई रजत र एक कांस्यका साथ तुखियाँ तेक्वान्दो डोजाङ तेस्रो भयो । पुरुषमा एसकेबिसीका सोहन तामाङ र महिलामा ढल्को तेक्वान्दो डोजाङकी यान्चेन लामा उत्कृष्ट खेलाडी घोषित भए । दुई दिनसम्म चलेको प्रतियोगितामा पाँच सय खेलाडीले विभिन्न ४० स्पर्धामा प्रतिस्पर्धा गरेका थिए ।

शिघ्र बिक्रीमा

म अन्य सार्वजनिक विकासको कार्यमा लाग्ने हुँदा होटेल व्यवस्थापन गर्न नभ्याएकोले एकल व्यवस्थापन भएको सर्व सम्पन्न प्रतिष्ठित बिराटनगर स्थित चारतारे होटेल बिक्रिमा वा ४५ करोड निक्षेपको साझेदारी गर्न र अन्य सम्भनदारीमा कोही व्यवसाय गर्न इच्छुक भएमा निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।

रेवत बा. थापा
प्रबन्ध निर्देशक, विराटनगर
e-mail : ratnahotalbiratnagar@gmail.com
९८४१-४६२६०३





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com